**हातधुने बानी बसालौं, सङ्क्रमणबाट जोगिऔं**

साबुनपानीले मिचीमिची हात धोऔं ।

- हत्केला पछाडि, औंलाको बीच, नङभित्रलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

**जीवाणुलगायत सङ्क्रमणबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratEEkdaily.com

kirloskar Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ भदौ २३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 September 08 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२

## मधेस विश्वविद्यालयको उद्घाटन

### विश्वविद्यालयलाई जन्म दिनु र सञ्चालन गर्नु कठिन -शिक्षाविद्

प्रस, परवानीपुर, २२ भदौ/

मधेस प्रदेश सरकारले गठन गरेको मधेस विश्वविद्यालयको आज औपचारिक रूपमा उद्घाटन भएको छ ।

मधेस प्रदेशका आठ जिल्ला र राज्यभरका विद्यार्थीहरूको लागि सेवा क्षेत्र रहेको मधेस विश्वविद्यालय सङ्घीयतापछिको ठूलो उपलब्धि भएको

कार्यक्रममा बोल्दै शिक्षाविद्हरूले विश्वविद्यालय स्थापना भएकोमा खुशी व्यक्त गर्दै आगामी दिन निकै जटिल हुने बताएका थिए ।




पर्सा जिल्लाको सदरमुकाम वीरगंजमा कार्यालय रहने यस विश्वविद्यालयको स्थापनासभा आयोजना गरी जसपाका अध्यक्ष उपेन्द्र यादवले उद्घाटन गरे ।

होटल भिस्वामा आयोजित एक समारोहबीच उनले उद्घाटन गर्दै मधेस विश्वविद्यालय विगत लामो समयदेखि मधेसीहरूको सपना रहेकोमा अब त्यो सपना साकार भएको बताए । यसले मधेसमा चाहिएको शिक्षामा आधारित रहेर पाठ्यक्रम निर्माण गर्ने र दक्ष जनशक्ति उत्पादन गरी आर्थिक, सामाजिक, राजनीतिक रूपान्तरणका लागि मधेसको शिक्षामा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे । मधेसको सात दशकदेखिको सपना आज पूरा भएको छ –उनले भने ।

चर्चा गर्दै उनले चाँडै यसको भौतिक संरचना तथा पाठ्यक्रम निर्माण गरी काम शुरू हुने उनले बताए ।

मधेस विश्वविद्यालयका उपकुलपति प्रा. डा दिपक शाक्यले विश्वविद्यालयको लागि पर्साको ग्रामीण भेगमा १० बिघा जग्गामा भौतिक संरचना निर्माण गर्ने र आवश्यक तयारी ५ वर्षमा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे ।

जग्गा खरीदको लागि १ अर्ब लगानी गर्ने दाता पनि भेटिसकेको र थप लगानी केन्द्र सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट समन्वय गरी अगाडि बढ्ने योजना रहेको बताए ।

वीरगंज, मुर्लीमा रहेको नेशनल ट्रेडिङभित्र कार्यालय स्थापना गरिएको छ । यसको बिहीवार बिहान औपचारिक उद्घाटन गर्ने कार्यक्रम छ ।

पूर्वाञ्चल विश्वविद्यालयका पूर्व उपकुलपति प्रा डा रामअवतार यादवले विश्वविद्यालय स्थापना गर्नु खुशीको कुरा हो तर यसले मधेसको पहिचान र यहाँको शिक्षाको आवश्यकता सम्बोधन गर्न पाठ्यक्रम बनाएर अघि बढ्नुपर्ने सुझाव दिए ।

मधेस प्रदेश सरकारका सामाजिक विकासमन्त्री एवं मधेस विश्वविद्यालयका उपकुलपति नवलकिशोर साहको अध्यक्षतामा भएको कार्यक्रममा वन तथा वातावरणमन्त्री प्रदिप यादव, विश्वविद्यालयका कुलपति एवं मधेस प्रदेस सरकारका मुख्यमन्त्री लालबाबू राउत, वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहलगायत विभिन्न राजनीतिक दलका नेता, बौद्धिक समाज, सुरक्षा अधिकारीलगायतको सहभागिता थियो ।

## बच्चा चोरीको आरोपमा तीनजना महिला पक्राउ

प्रस, वीरगंज, २२ भदौ/

वडा प्रहरी कार्यालय, बिर्ताले बच्चा चोर्न आएको आशङ्कामा वीरगंज महानगर-१ बजार छपकैया टोलबाट तीनजना भारतीय महिलालाई नियन्त्रणमा लिएको बताएको छ ।

स्थानीय एकजना व्यक्तिको घरमा ती महिलाहरू बिहान नौ बजे छिरेका र उनीहरूलाई नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएको प्रहरी निरीक्षक विशालकुमार मल्लले बताए । भारत, बिहार पश्चिम चम्पारणाको नरकटियागंजका शायरी खातुन, मैरून नेशा, छतौटी खातुनलाई स्थानीयले पक्राउ गरी प्रहरीको जिम्मा लगाएको उनीहरूले बताए । पक्राउ परेका तीनैजना महिलाहरू बच्चा चोर भएको यथेष्ट प्रमाण नभएको उनले बताए । पक्राउ परेका महिलाहरूले आफूहरू बच्चा चोर्न नआएको भन्दै औंठीमा जडान गर्ने पत्थर र जडीबूटी बेच्ने कार्य गर्दै आएको बयान दिएका छन् ।

स्थानीयले पक्राउ गरी प्रहरीको जिम्मा लगाएकोले यसबारे महिलाहरूलाई


बच्चाचोर आरोप लागेका महिलाहरू प्रहरी भ्यानमा । तस्वीरः नितेश कर्ण

हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रहरी निरीक्षक मल्लले जानकारी गराएका छन् ।

मधेस प्रदेशको जनकपुरबाट बच्चा चोरको हल्ला अहिले चलेको र पर्सा, बारामा पनि यो हल्लाले व्यापकता लिएको छ । यो हल्ला अहिले पूर्वबाट पश्चिम मधेसमा पनि फैलिएको छ र चौतर्फी बच्चा चोरको हल्लाले आतङ्क मचाएको छ । कतिपय ठाउँमा बच्चा चोर पक्राउ परेको घटना सार्वजनिक पनि भइरहेको छ ।

## छिपहरमाईमा वडाध्यक्षद्वारा टायर बालेर विरोध

सुग्रीव साह, भिस्वा, २२ भदौ/

छिपहरमाई गाउँपालिका कार्यालयले मङ्गलवार साँझ शिक्षकहरूको नतीजा सार्वजनिक गरेपछि सोको विरोधमा वडाध्यक्षले नै टायर बालेर विरोध प्रदर्शन गरेका छन् ।

हिजो साँझ ७ बजेतिर गापाको कार्यालयको सूचना पाटीमा शिक्षकहरूको नतीजा प्रकाशित भएपछि राति ९ बजे वडा नं. ५ का अध्यक्ष मौजीलाल साह कानूले टायर बालेर गापा अगाडि प्रदर्शन गरेका थिए । उनले शिक्षक नियुक्तिमा अनियमितता भएको आरोप लगाए । गापाको कार्यालयले अङ्ग्रेजी, कम्प्युटर, अर्थशास्त्र, नेपाली र गणित विषयको लागि शिक्षक माग गरेको थियो ।

लिखित तथा मौखिक परीक्षाको नतीजा भदौ २१ गते साँझ प्रकाशन भएपछि वडाध्यक्ष कानूले नेपाली र गणित विषयका शिक्षकहरूको नतीजा प्रकाशित नभएको भनेर टायर बालेर विरोध गरे । उनले उपाध्यक्ष लीलावतीदेवी कानूकी छोरी, ज्वाईं र




छोरा नियुक्त भएको र अन्यको पनि आफन्तहरू नियुक्ति भएको भन्दै दोष लगाए ।

उपप्रमुख कानूका पति किशोरीप्रसाद कानूले वडाध्यक्ष कानूकी बहिनी प्रतिमा कुमारीले नेपाली विषयमा परीक्षा दिएको तर लिखितमा फेल भएको बताए ।

गापाले प्रकाशन गरेको शिक्षकको नतीजामा गणित र नेपाली विषयमा कोही पनि सफल नभएकोले नाम प्रकाशन नगरेको बताइएको छ । गापाले प्रकाशन गरेको सूचीमा तीनजना अङ्ग्रेजी, तीनजना कम्प्युटर र एकजना अर्थशास्त्रका शिक्षक गरी सातजनाको नाम छ ।

## बारा-पर्सा माओवादीद्वारा उम्मेदवारको नाम सिफारिश

प्रस, जीतपुर, २२ भदौ/

नेकपा माओवादी बाराले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको लागि चारवटै क्षेत्रबाट नाम सिफारिश गरेको छ ।

बारा क्षेत्र नं. १ बाट प्रतिनिधिसभामा डा गोपाल ठाकुर र श्यामकिशोर यादव प्रत्यक्षतर्फ सिफारिश भएका छन् । यो क्षेत्रबाट समानुपातिकमा युवराज लामा, मोहन खड्का, श्रीमाया बल, धनमाया बल, हेम कर्ण, जङ्गबहादुर साह, मासुम खातुन, वासु चौधरी, उर्मिलादेवी कोइरी र सकिना खातुनको नाम सिफारिश भएको छ ।

क्षेत्र नं. १ (क) को प्रदेशसभामा हरि चौधरी, तपेश्वर चौधरी, रविराज दङ्गाल, बेनीबहादुर मोक्तान, अमृतकुमार पन्जियार, रमेश अर्याल र महेश्वर अधिकारीको नाम प्रत्यक्षमा सिफारिश भएको छ भने समानुपातिकमा सञ्जीव लोप्चन, तारा खड्कालगायत ९ जनाको नाम सिफारिश भएको छ ।

बारा क्षेत्र नं. १ (ख) बाट प्रत्यक्षमा गजेन्द्रप्रसाद यादव, सरोजकुमार कुशवाहाको नाम सिफारिश भएको छ भने समानुपातिकमा रामबाबू मेहता, पार्वती फौज्दारलगायत ९ जनाको नाम सिफारिश भएको छ ।

बारा क्षेत्र नं. २ मा प्रतिनिधिसभामा शिवचन्द्र कुशवाहाको एकल नाम सिफारिश भएको छ समानुपातिकमा देवीप्रसाद पराजुली र मगनी मुखियाको नाम सिफारिश भएको छ ।

बारा क्षेत्र नं. २ (क)मा प्रदेशसभामा प्रत्यक्षतर्फ मिश्रीलाल सहनी, फणीन्द्रराज सुवेदी र श्रीनारायण कुशवाहाको नाम सिफारिश भएको छ भने समानुपातिकमा रकमुद्दीन अन्सारी, थुपा पासवानलगायत चारजनाको नाम सिफारिश भएको छ ।

क्षेत्र नं. २ (ख)बाट प्रत्यक्षमा चन्देश्वरप्रसाद साह, धीरेन्द्रप्रसाद यादव, भगवान गिरीको नाम सिफारिश भएको छ भने समानुपातिकमा निर्मलादेवी जयसवाल, चन्द्रिका सिंहलगायत ८ जनाको नाम छ ।

बारा क्षेत्र नं. ३ को प्रतिनिधिसभामा गीता कँडेल, सोनालाल साहको नाम सिफारिश भएको छ भने समानुपातिकमा सुनील कुशवाहा, कुसुम ठकुरीलगायत ६ जनाको नाम परेको छ ।


माओवादी, पर्साको बैठकमा सहभागीहरू । तस्वीरः प्रतीक

यसैगरी क्षेत्र नं. ३ (क) प्रदेशसभा सदस्यको लागि प्रत्यक्षतर्फ मुकेश साह, राजु अधिकारी, उमेश यादव, केदार बजगाईं, रामशरण बर्तौला, राजन चौधरी, भरत भण्डाारी र तीर्थ गुरुङको नाम सिफारिश भएको छ भने समानुपातिकमा फूलकुमारी, सुरेश यादवलगायत चारजनाको नाम सिफारिश भएको छ ।

क्षेत्र नं. ३ (ख)बाट प्रत्यक्षमा रमेश साह, बाजूजान हवारी, सुनरपती देवी र सन्दीप यादवको नाम सिफारिश भएको छ भने समानुपातिकमा जरिना बेगम, तपसुम आरालगायत छजनाको नाम सिफारिश भएको छ ।

बारा क्षेत्र नं. ४ बाट प्रतिनिधिसभामा क्षेत्रबहादुर श्रेष्ठ (अनिल) र जयराम दाहालको नाम सिफारिश भएको छ भने समानुपातिकमा गम्भीरा सहनी, लीला खनाललगायत सातजनाको नाम सिफारिश भएको छ ।

क्षेत्र नं. ४ (क)बाट प्रदेशसभामा प्रत्यक्षतर्फ प्रेम बराल, मीनप्रसाद आपागाईं, बेनीप्रसाद अधिकारीको नाम सिफारिश भएको छ र समानुपाातिकमा अमरूल नेशा, श्यामसुन्दर पासवान, रेशमा चौधरीलगायत ९ जनाको नाम सिफारिश भएको छ ।

बारा क्षेत्र नं. ४ को (ख)बाट प्रत्यक्षमा राजु देवान, मोजाहीद अन्सारी, शुभनारायण जैसवार र दीपेन्द्र कुशवाहाको नाम सिफारिश भएको छ भने समानुपातिकमा भिखारीसाह कानू, सीता अधिकारीलगायत आठजनाको नाम सिफारिश भएको छ ।

प्रस, वीरगंज/

नेकपा माओवादी केन्द्र पर्साले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको लागि उम्मेदवारहरूको नाम सिफारिश गरेको छ ।

जिल्ला समन्वय समितिको बैठकले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरूको नाम सिफारिश गरेको हो । आज बसेको बैठकले पर्सा क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्यमा जफर अन्सारी, क्षेत्र २ बाट बालकृष्ण श्रेष्ठ, ३ बाट डा सुभाष यादवको एकल नाम सिफारिश गरेको छ भने क्षेत्र नं. ४ बाट टेकबहादुर शाक्य र इमदाद गद्दी गरी दुईजनाको नाम सिफारिश गरेको छ ।

प्रदेशसभामा क्षेत्र नं. १ (क)बाट रहबर अन्सारी, प्रभु यादव, पश्मिना खातुन र (ख)बाट सुरेन्द्र गुप्ताको एकल नाम सिफारिश गरेको छ ।

क्षेत्र नं. २ बाट अमिताभ बच्चन दास (क)बाट प्रभाकर गुप्ताको एकल नाम सिफारिश भएको छ ।

क्षेत्र नं. ३ (क)बाट पनि बालेश्वरप्रसाद थारू, (ख)बाट छोटेलाल यादवको एकल नाम सिफारिश भएको छ ।

क्षेत्र नं. ४ (क)बाट विजय महतो र वीरेन्द्रप्रसाद यादव र (ख)बाट शेख चाँदतारा, सन्तोष पटेल र मुरलीमनोहर तिवारीको नाम सिफारिश भएको छ ।

जिल्ला समन्वय समितिको बैठक पर्सा संयोजक रामदरश कुशवाहाको अध्यक्षता तथा जिल्ला इन्चार्ज विजय महतोको प्रमुख आतिथ्यमा बसेको थियो ।

## विचारसार एवं सूक्तिहरू

**सुख भनेको डाक्टर र वकील आवश्यक नहुनु र सुरक्षा भनेको प्रहरीको खोजी सूचीमा नपर्नु हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# भत्काए पछि बनाउनुपर्दैन ?

**अगाडि बनाउँदै जाने, पछि–पछि भत्काउँदै जानुलाई नेपालीमा एउटा तुक्का छ 'हिंडदै छ पाइला मेट्दै छ ।' हाम्रो मुलुकमा विकास निर्माणको शैली यस्तै छ। यस्तो पनि तीन किसिमले हुन्छ। अनियमितता, ढिलासुस्ती र अदूरदर्शिता। खानेपानीको टयाङ्की निर्माण भयो, पाइपलाइन बिछ्याउने काम नसकिंदै ट्याङ्की मरम्मत गर्नुपर्ने अवस्था आउँछ । टयाङ्की मरम्मत गर्दा नगर्दै पाइपलाइन दुरवस्थमा पुगिसकेको हुन्छ । यस्ता योजनाहरूमा निर्माणको काम खण्डीकरण गरेर सम्पन्न गरिने हुँदा पाइप लाइन बन्नेसम्म टयाङ्कीको जोखिम अवधि गुज्रिसकेको हुन्छ। निर्माण कम्पनीको जोखिम बेहोर्ने अवधि सकिंदा नसकिंदै योजना जीर्ण बन्न थाल्छ । पर्साका अधिकांश पालिकाहरूमा यस्तो देख्न सकिन्छ। बर्सेनि रकम मरम्मतमा सकिन्छ, तर योजना सञ्चालन हुँदैन । यसको कारक तत्त्व अनियमितता, बेइमानी तथा भ्रष्टाचार हो। निर्माण कम्पनीलाई बढी नाफा दिने र सोबापत भागबन्डा गरी खाने प्रवृतिका कारण यसो भएको हो । प्रविधिको जमाना छ, कुन निर्माण कति वर्ष टिक्ने बनाउने भन्ने कुरा प्राविधिकको हातमा हुन्छ । अनि प्राविधिक निर्माण कम्पनी र योजना लागू गर्ने कार्यालयको हातमा हुन्छ । तर औपचारिकताभन्दा पनि आन्तरिक चाहना र निर्देशनबमोजिम प्राविधिक योजनाको गुणस्तर कायम गर्न बाध्य हुन्छ। त्यसैले जोखिम अवधि सक्दा नसक्दै योजना जीर्ण बन्ने गरेको हो ।**

**एकातर्फ बन्दै गर्ने अर्कोतर्फ भत्कने र कहिल्यै योजना सम्पन्न नहुने अर्को कारण हो ढिलासुस्ती, गैरजिम्मेवारीपन। हाम्रा योजना तथा नीति निर्माणको तहमा बस्नेहरू यति निकम्मा छन् कि एउटा सामान्य योजना वर्षौंसम्म पनि सम्पन्न हुन सक्दैन। हुलाकी सडक निर्माण हुनु पहिले वीरगंज देखि पर्साको ग्रामीण क्षेत्रतर्फ जाने सडक नगर आसपासको क्षेत्रभन्दा अगाडि बढ्न सकेन । वीरगंजबाट सडक बन्दै अगाडि बढ्दा विन्दवासिनी पुग्न नपाउँदै वीरगंजतर्फ भत्कन शुरू हुन्थ्यो । फेरि फर्केर यतै मरम्मत गर्नुपर्ने अवस्था रह्यो। विलम्ब गर्दै, अल्छी चालामा, कछुवा गतिले निर्माण गरिंदा ८ किलोमिटर सम्पन्न गर्न दशौं वर्ष लाग्यो ।**

**विकास निर्माणको गति अगाडि बढ्न नसक्ने अर्को कारक तत्त्व योजना निर्माणमा अदूरदर्शिता हो । बस्ती स्थापना तथा नगर विकासको गतिसँगै त्यहाँ बिजुली, पानी, सञ्चार, ढललगायत अति आवश्यक संरचना बनाउनुपर्छ । त्यसलाई कहाँ, कसरी निर्माण गर्ने भन्नेबारे पहिले नै दूरदृष्टि पुऱ्याउन नसक्नु विडम्बना हो । यहाँ सडक निर्माण सम्पन्न हुन्छ, अनि त्यसलाई भत्काएर अर्को काम गरिन्छ। शहरका सडक तथा फूटपाथहरू जहिले पनि भत्केको रहँदा सर्वसाधरणलाई सास्ती छ । वीरगंज महानगरको गतिलो सडक मानिएको बाइपास सडकको दुवै किनारा भत्काएर कुरूप बनाइएको छ । वर्षाको बेला भत्काइएको सडक किनाराको कतिपय स्थानमा साना सवारी चल्नसमेत सकस छ भने दुइपाङ्ग्रे सवारी चिप्लिएर सडक दुर्घटनाको जोखिम छ । टेलिकम र खानेपानीको यो पौरख भन्ने बुझियो । भत्काएपछि बनाउने बजेट छुटयाइएको हुनुपर्छ, समयमा नै किन निर्माण गरिंदैन ? बनेको योजना भत्काएपछि बनाउने कामलाई सँगसँगै किन लग्न सकिन्न ? बनेको सार्वजनिक सडक भत्काएर आवागमन अवरुद्ध हुँदासमेत निर्धक्क साथ बस्ने छुट कसले दियो ? सरोकारवाला पक्षले खोजी गरौं । यस्तो प्रवृति नदोहोरियोस् भन्ने हो भने कडा कारबाईको व्यवस्था पनि हुनुपर्छ ।**

# नजीकिंदो चुनाव र बढ्दो सामाजिक चहलपहल

स्वतन्त्र विचार




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**पैसाको मोहमाया नराख्ने र आवश्यकतानुसार प्रतिस्पर्धा गरेरै खर्च गर्न सक्ने पात्रले मात्र अहिलेको चुनावमा आफूलाई योग्य ठान्न सक्छ । यस विडम्बनामा पीडित र आहत बनेका छन् त्यस्ता मान्छे जसले इमानदारीको भरमा बाँच्ने बाटो रोजेका छन् ।**

असमञ्जस, अविश्वास वा आशङ्का केही पनि थिएन, यसपटक प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति घोषणा हुँदा । गत स्थानीय तहको चुनावको मिति घोषणा हुँदा केही आशङ्का थिए। कारण थियो अदालतमा यससम्बन्धी विवाद पुगेको थियो निरूपणको लागि । यसपटक भने आम चुनावको मिति घोषणा हुँदा सबैले स्वाभाविकरूपमा लिए । निर्वाचन आयोगले समयमैं निर्वाचन हुने सङ्केत पहिले नै गरेको थियो र औपचारिकरूपमा निर्वाचनको मिति घोषणा हुनुभन्दा केही दिन पहिलेदेखि सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा मङ्सिरको पहिलो हप्ता निर्वाचन हुने करीब निश्चित भइसकेका खबरहरू आइरहेका थिए । देशका केही प्रमुख नेताहरूले पनि यस्तै अभिव्यक्ति दिइरहेका थिए। जुन मितिमा चुनाव हुने घोषणा निर्वाचन आयोगले गरेको हो, त्यस मितिको लागि समाज तथा राजनैतिक दल र स्वतन्त्र नागरिक मनोवैज्ञानिकरूपमा तयार थिए।

निर्वाचनको मिति घोषणा भएपछि केही समय यस विषयमा सामाजिक क्षेत्र पूर्णतया शान्त थियो। अब चुनाव आउन यति दिन बाँकी भनिन्थ्यो । यसबाहेक खासै चहलपहल भइरहेको थिएन । पछिल्लो समय जब विभिन्न पार्टीहरूले क्षेत्रीय समितिहरूमार्फत उम्मेदवार छनोट प्रक्रिया अगाडि बढाए तब राजनैतिक गतिविधिसँगै सामाजिक गतिविधिमा पनि विस्तार भएको छ । पार्टीमा योगदान दिनेहरूले आफ्नो हैसियत खोज्ने तथा हैसियत परीक्षण गर्ने समयको रूपमा लिएको पनि देखिएको छ। केही महीना पहिले भएको स्थानीय तहको चुनाव मतदाताले बिर्सेका छैनन् । उम्मेदवार छनोटमा भएको चलखेल निकै रोमाञ्चक लागेको थियो । कुन दलको नेता एकै छिनमा कुन दलको तर्फबाट उम्मेवार घोषणा हुने र फेरि अर्को दलको पहिलेको नेतालाई पछार्दै एकैछिनमा अर्को दलको उम्मेदवार भइहाल्ने भएको थियो। यसरी रमाइलो भएको अवस्थामा धेरैलाई अहिलेको निर्वाचन प्रक्रियाको छनोटमा खासै रुचि भएको देखिएन। अहिले पनि के देखिएको छ भने प्रदेशबाट सिफारिश नहुँदा पनि सोझै जिल्लाबाट उम्मेदवारको सिफारिश भएको छ । अझै पनि के विश्वास गरिएको छ कि कतिपय अवस्थामा सोझै केन्द्रले नै टिकट दिन्छ। केन्द्रको निर्णय नै अन्तिम हुने भएकोले सिफारिशको लागि खासै उत्सुकता सर्वसाधारणमा देखिएन तर पनि को कुन पार्टीबाट सिफारिश भइरहेको छ भन्ने कुरामा भने धेरैको चासो रहेको थियो र अहिले पनि रहेको छ।

केही हदसम्म सामाजिक चासो वृद्धि हुनुमा राजनैतिक दलको भ्रातृ सङ्गठन पनि हो । सोझै पार्टीको सदस्य वा कार्यकर्ता रहेको मानिसलाई मात्र सिफारिश गरिएको छैन, दलको भ्रातृ सङ्गठनमा निरन्तर लागिरहेका मानिसको नाम पनि सिफारिश भएको छ। भ्रातृ सङ्गठन धेरै छन् र धेरै सङ्गठन भएपछि धेरैको सरोकार पनि हुने नै भयो। जहाँ धेरैको सरोकार हुन्छ त्यहाँ स्वाभाविक हो कि अलि बढी मानिसले चासो दिन थाल्दछन् । शुभचिन्तक, मित्र, नातेदार तथा सङ्गठनका पदाधिकारी र सदस्य जति सबैले सरोकार राख्दा साँच्चीकै समाजमा चहलपहल बढिहाल्छ। अहिले केही हदसम्म भएको पनि यही हो । चुनावको मिति घोषणाले समाजमा खासै चहलपहल बढेको थिएन, उत्साह देखिएको थिएन, तर उम्मेदवार छनोटको दलहरूको प्रारम्भिक प्रक्रियाले समाजमा उत्साह देखिएको छ, चहलपहल बढेको छ।

सामाजिक सञ्जालमा उम्मेदवार तथा तिनका समर्थकलाई बधाई तथा अग्रिम शुभकामनाको लहर चलेको देखिएको छ । आफूलाई सम्भावित उम्मेदवारको साँचो दाबेदार ठान्ने र पार्टीले टिकट दिए उम्मेदवार बन्छु र उम्मेदवार मात्रै होइन, जित्छु पनि भन्ने आत्मविश्वास हुनेहरूले सामाजिक सञ्जालमा आफ्नो समर्थक समूह बनाएर जनमत सिर्जना गर्न शुरू गरिसकेका छन्। सानोतिनो कुनै कार्यक्रममा पुग्दा पनि त्यसलाई बढाइचढाई गरेर स्थानीय मिडियामा दिइरहेका छन्। आफ्नो पक्षमा माहोल बनाउन आफ्ना समर्थकहरूबाट अनेक विशेषण धारण गराइरहेका छन्। साँच्ची अहिले सम्भावित उम्मेदवारको अगाडि तिनका समर्थक वा समर्थक समूहबाट आइरहेको विशेषणहरू हेर्दा हाम्रो समाज त योग्य, कर्मठ र इमानदारिताले भरपूर छ भन्ने भ्रम पर्न थालेको छ। यत्तिका इमानदारहरू भएको समाजमा बेइमानी कतैबाट हुनु नपर्ने हो, यत्तिका कर्मठहरू भएको समाजमा कुनै पनि काम पछाडि पर्नु नपर्ने हो। नागरिकका सेवक यत्ति धेरै देखिएको समाजमा नागरिकको मूल्य उच्च हुनुपर्ने हो । समाज त कल्पनाको स्वर्गजस्तै हुनुपर्ने हो तर विडम्बना नै मान्नुपर्दछ कि विशेषण पनि देखावटी नै हो कि भन्ने भएको छ। यद्यपि सबै उम्मेदवारको हकमा यसलाई जस्ताको तस्तै लागू गर्न हुँदैन । सबै बेइमान, कामचोर र नागरिकका सेवक होइनन् भन्न खोजिएको होइन।

एउटा रमाइलो हेर्न अझै बाँकी नै छ। जसको उम्मेदवार बन्ने कुनै चाहना छैन र आफूलाई फगत मतदाता ठान्दछ, तर उम्मेदवारको गतिविधि चासो दिएर हेर्दछ, यस्ता मानिसले त्यस दिनको रमाइलोको कल्पना गरिरहेको छ जुन दिन दलहरूले स्थानीय तहको चुनावको बेलामा जस्तै नवागन्तुकलाई टिकट दिन्छन् र पहिले सिफारिश गरिएकालाई पाखा लगाउँछन्। अहिले नै केही लक्षण देखिएको छ । कतिपय यस्ता मानिस पनि छन् जो आफूले टिकट नपाए पार्टी नै छोडिदिने र अर्कोलाई सहयोग गर्ने गर्दछन्। कतिपय त औपचारिक विद्रोह गर्न सक्दैनन् तर पार्टीभित्रै रहेर अन्तर्घात गर्दछन् जसले गर्दा अर्को चुनावमा आफ्नो बाटो सजिलो होस् । दिनभरि उम्मेदवारसँगै हुन्छन् तर विरोध-भाव फैलाइरहेका हुन्छन्। यस प्रवृत्तिले हाम्रो समाज आक्रान्त छ । राजनीति ग्रसित छ । यस किसिमको फोहोर सफा गर्ने कुनै संयन्त्र नहुँदा इमानदार, लगनशील, दुःख भोगेका, त्यागी नेता पाखा लागिरहेका छन्। ती बिस्तारै हराउँदै जान्छन्। यस प्रवृत्तिमा कसरी सुधार होला ?

अहिले भइरहेको प्रारम्भिक उम्मेदवार छनोट प्रक्रियामा एउटा पीडादायक परिदृश्य पनि देखिएको छ। राजनैतिक दृष्टिले उच्च चेतना र लगानी भएका पार्टीका वफादार कार्यकर्तालाई उम्मेदवार बनाउने सिफारिश कतै भएको छ ? राजनैतिक कार्यकर्ताहरू भन्न थालेका छन्–चुनाव लड्न धेरै पैसा चाहिन्छ । अहिलेको अवस्थामा जोसित पैसा छैन, उसले प्रत्यक्ष निर्वाचनमा भाग लिन्छु भन्नु अँध्यारो कुवाँमा हाम फाल्नु मात्र हो। यसरी चुनाव जित्न सकिंदैन । पैसाको मोहमाया नराख्ने र आवश्यकतानुसार प्रतिस्पर्धा गरेरै खर्च गर्न सक्ने पात्रले मात्र अहिलेको चुनावमा आफूलाई योग्य ठान्न सक्छ । यस विडम्बनामा पीडित र आहत बनेका छन् त्यस्ता मान्छे जसले इमानदारीको भरमा बाँच्ने बाटो रोजेका छन्।

समानुपातिक निर्वाचन प्रणालीको एउटा विशेषता यो पनि रहेको छ कि यसको लागि नाम सिफारिश गर्दा क्लस्टरलाई मान्नै पर्दछ। यसले महिला, अल्पसङ्ख्यक, दलित, अपाङ्गजस्ता क्लस्टरलाई फाइदा भएको छ । यही क्लस्टरले गर्दा चुनावको गतिशीलतामा केही हदसम्म वृद्धि भएको हो । शुद्ध राजनीति गर्नेहरूले मात्र सिफारिशमा पहुँच राखेका भए वा समानुपातिक निर्वाचन प्रणाली नभएको भए शायद उम्मेदवार चयन गर्ने प्रारम्भिक प्रक्रियामा यति धेरै चासो हुँदैनथ्यो । यति धेरै चहलपहल भइहाल्दैनथ्यो। अहिले सर्वत्र केवल निर्वाचनको चर्चा भइरहेको छ।

निर्वाचनको चर्चा र चहलपहलको अहिलेको परिदृश्य वास्तवमा मङ्सिर ४ गतेका लागि लक्षियत होइन। अहिले त सबैको ध्यान मात्र उम्मेदवार चयनमा केन्द्रित छ। चुनाव हुनेमा सबै ढुक्क छन् तर खासमा चुनावको वास्तविक चहलपहल चुनाव प्रचार हुन थालेपछि हुनेछ । अहिले त चुनावको प्रचार भइरहेको छैन। अहिले केवल उम्मेदवार चयन प्रक्रिया प्रारम्भ भएको छ। यस अर्थमा को कहाँबाट उम्मेदवार बन्दैछ र कसको कहाँबाट सम्भावना छ भन्ने अनुमान तथा सिफारिशको आधारमा नै चहलपहल बढेको हो । सामाजिक सञ्जालमा आफूलाई सम्भावित उम्मेदवार प्रस्तुत गर्नेहरू पनि खासै उत्साहित भइसकेका छैनन्। यद्यपि समाज बिस्तारै चुनावको माहोलतिर अगाडि बढिरहेको छ।

# सरकार र आएइएबीच 'कन्ट्री प्रोग्राम फ्रेमवर्क' स्वीकृत हुने

काठमाडौं, २२ भदौ/रासस

नेपाल सरकार र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आएइए)बीच 'कन्ट्री प्रोग्राम फ्रेमवर्क' (२०२२–२०२७) स्वीकृत हुने भएको छ।

यसका लागि नेपाल सरकारका तर्फबाट स्वीकृत गरी हस्ताक्षर गर्न शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेललाई अख्तियारी दिने निर्णय गरिएको छ। सरकारले आज सार्वजनिक गरेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार असोज ७ देखि ११ गतेसम्म आएइएको अस्ट्रियाको भियनामा हुने कार्यक्रममा सहभागी हुन मन्त्री पौडेल नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने निर्णयसमेत भएको छ।

बैठकले कात्तिक २८ देखि ३० गतेसम्म उज्बेकिस्तानमा आयोजना हुने 'वर्ल्ड कन्फेरेन्स अन अर्ली चाइल्डहुड केयर एन्ड एजुकेशन' सम्बन्धी कार्यक्रममा शिक्षा राज्यमन्त्री बोधमायाकुमारी यादवलाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिए।

सरकारले नेदरल्यान्ड्स र बेल्जियममा असोज २४ देखि २८ गतेसम्म सञ्चालन हुने 'इन्टरनेशनल स्टडी टुर टु द युरोपियन युनियन' विषयक कार्यक्रममा शिक्षा सचिव रामकृष्ण सुवेदीलाई सहभागी हुन स्वीकृति दिने निर्णयसमेत गरेको छ।

बैठकले यही भदौ २७ देखि २८ गतेसम्म सिङ्गापुरमा आयोजना हुने 'इन्टरपोल राउन्डटेबल एङ्गेजमेन्ट' कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवलाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका मन्त्री कार्कीले जानकारी दिए।

यसैगरी आगामी कात्तिक १८ देखि २१ गतेसम्म भूटानको पारोमा आयोजना हुने सम्मेलनमा सहभागी हुन राष्ट्रिय योजना आयोगका सदस्य सलोनी प्रधान सिंहलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। सरकारले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई यही भदौ २०

(बाँकी अन्तिम पातामा)

# असोज १ देखि दशैंका लागि अग्रिम टिकट बुकिङ खुला हुने

काठमाडौं, २२ भदौ/रासस

सरकारले असोज १ गतेदेखि दशैंका लागि अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरेको छ । यातायात व्यवस्था विभागका महानिर्देशक टोकराज पाण्डेको अध्यक्षतामा आज बसेको बैठकले असोज १ गते शनिवारदेखि चाडपर्वलाई लक्षित गरी अग्रिम टिकट बुकिङ खुला गर्ने निर्णय गरेको हो ।

बैठकले यातायात व्यवसायीले अग्रिम टिकट बुकिङ गर्दा यथासक्य अनलाइन बुकिङ गर्ने व्यवस्था मिलाउने, अनलाइन टिकट बुकिङ गर्ने यात्रुलाई यातायात व्यवसायीले यथाशक्य छुट वा सहुलियत प्रदान गर्ने निर्णय गरेको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए।

यस्तै बैठकले अग्रिम टिकट बुकिङ तथा उपत्यकाबाट बाहिरिने र उपत्यका भित्रिने यात्रुवाहक सवारी साधनको यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी, उपभोक्ता मञ्च, व्यवसायी र मजदूरसँग सहकार्य गरी प्रभावकारी अनुगमन गर्ने तथा कोभिड महामारीलाई मध्यनजर गर्दै स्वास्थ्य मापदण्ड अँगाल्ने निर्णय गरेको छ।

अनधिकृत काउन्टर र परिचयपत्र नभएका व्यक्तिबाट टिकट बिक्री गर्ने कार्य पूर्णतया निरुत्साहित गर्ने, मुख्य सडक मरम्मत–सम्भार गरी यातायात सञ्चालन सहज बनाउन सम्बन्धित निकायमा अनुरोध गरी पठाउने तथा आवश्यक सवारी साधनको व्यवस्था यातायात व्यवसायीले गर्ने निर्णय भएको महासङ्घका महासचिव डेकनाथ गौतमले जानकारी दिए।

यातायात आवागमनलाई सहज बनाउन खाद्यान्नलगायत अत्यावश्यक वस्तुको ढुवानीबाहेकका ट्रेलरलगायत ठूला सवारी साधन असोज १५ देखि २२ गतेसम्म नारायणघाटदेखि काठमाडौंसम्म सञ्चालन गर्न रोक लगाउने निर्णयसमेत भएको छ। यसैगरी यात्रुवाहक सवारी

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# प्रतिस्पर्धाविनै सुटिङ खेलाडी छानिए

काठमाडौं, २२ भदौ/रासस

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिताका लागि गण्डकी प्रदेशबाट प्रतिस्पर्धाविनै सुटिङ खेलाडी छानिए । त्यसो हुनुमा खेलाडीको के दोष होइन, पूर्वाधार र खेल सामग्री नै नभएपछि कसको के लाग्छ ?

प्रदेश खेलकूद परिषद्ले हचुवाको भरमा खेलाडी छनोट गर्नुपर्‍यो । ओलम्पियन एवं सुटिङ प्रशिक्षक भगवती केसीलाई खेल नखेलाई खेलाडी छनोट हुँदा ननिको लागेको छ। "प्रयास नभएको होइन, तर एउटा गन पनि ल्याउन सकिएन"–उनले भने–"पछि खेलविनै खेलाडी छान्नुपर्ने स्थिति आयो, प्रदर्शन जाँच्न पाइएन ।" उनका अनुसार गण्डकीमा एउटा सुटिङ रेन्जसम्म छैन। खेलाडीले प्रशिक्षण पाउनु त धेरै परको कुरा भयो। पोखरा रङ्गशालाभित्र सुटिङ रेन्ज बनाउने योजना पनि अलपत्र परेको केसीको गुनासो छ । "एशियनदेखि सागसम्म खेलेका खेलाडी हामीसँग छन्, सुटिङमा नयाँ खेलाडी उत्पादन हुने सम्भावना पनि उत्तिकै छ"–प्रशिक्षक केसीले भने–"विडम्बना भन्नुपर्छ, राज्यबाट यो खेल उपेक्षामा परेको छ, लगानी, पूर्वाधार केही छैन ।"

सुटिङका लागि सरकारी संयन्त्रबाट गण्डकीमा अहिलेसम्म प्रशिक्षक नै नियुक्त नगरिएको उनको भनाइ छ । बागलुङ सुटिङ सङ्घकी अध्यक्षसमेत रहेकी केसीले स्वयंसेवी अभ्यास गराउँदै आएकी छन् । त्यो पनि नपड्किने हतियारका भरमा। "मसँग पुरानो नपड्कने हतियार छ, त्यसले होल्डिङ गर्नसम्म खेलाडीलाई सिकाउँछु"–उनले भनिन्–"कहिले खुला चौरमा, कहिले हल भाडामा लिएर प्रशिक्षण दिने गरेकी छु।" आठौं राष्ट्रिय खेलकूदमा राखेपबाट हतियार मगाएर छनोट खेल खेलाएको उनी स्मरण गर्छिन्।

अध्यक्ष केसीले बागलुङमा सुटिङ रेन्ज निर्माणका लागि पहल अगाडि बढाइए पनि त्यसले सार्थकता पाउन नसकेको बताइन्। "नवौं राष्ट्रिय खेलकूद अन्तर्गत सुटिङ प्रतियोगिता बागलुङमा ल्याउन पनि प्रयास गरिएको हो, तर अहिले सम्भव भएन"–उनले भनिन्–"गण्डकी प्रदेशमैं प्रतियोगिता चलाउन पूर्वाधार नभएपछि काठमाडौंमैं खेलाउने तयारी भइरहेको छ ।"

सुटिङ रेन्ज बनाउन २२ मिटर लम्बाइ र चौडाइँ भएको जग्गा चाहिन्छ। सुटिङ खेलका लागि पेस्तोल, राइफल, गोली, टार्गेट, टार्गेट बक्स (पुल्ली), पन्जालगायत सामग्री खाँचो पर्छ । राइफलका लागि छुट्टै जुत्ता, पाइन्ट, ज्याकेट र बेल्ट चाहिन्छ ।

इन्डोर खेलिने सुटिङमा सानो शीशाको गोली प्रयोग हुन्छ। गोली चीन र जर्मनीबाट ल्याउने गरिएको छ। प्रदेश खेलकूद परिषद्का सदस्य सचिव तेजबहादुर गुरुङले सुटिङका लागि खेल पूर्वाधार र सामग्रीको अभाव रहेको स्विकारे । "इन्डोर खेल भएकोले सुटिङका लागि ठूलो हल चाहिन्छ, हतियार, गोलीदेखि अरू महँगा सामग्री यसमा प्रयोग हुन्छ"–उनले भने–"यसमा प्रदेशको स्रोतसाधनले मात्र भ्याउँदैन, केन्द्रबाटै सम्बोधन हुनुपर्छ ।"

सदस्य सचिव गुरुङले प्रदेशबाट छानिएका सुटिङ खेलाडीलाई काठमाडौं लगेर बन्द प्रशिक्षणमा राख्नुको विकल्प नरहेको बताए । "सुटिङ मात्र होइन, अरू थुप्रै खेलका प्रशिक्षक प्रदेश तहमा छैनन्, स्वयंसेवी प्रशिक्षकबाट काम चलाउनुपरिरहेको छ"–उनले भने–"गण्डकीमा पनि बागलुङमा मात्र सुटिङको केही अभ्यास भइरहेको छ, अन्यत्र जिल्लामा खासै छैन ।"

सुटिङको पूर्वाधार निर्माणमा विगतमा बजेट छुट्टिए पनि काम हुन नसकेको भन्दै अब स्रोतसाधन र सामग्री जुटाउन लागिपर्ने सदस्य सचिव गुरुङले बताए । पूर्वाधार र खेल सामग्री नै नभएका कारण सुटिङको छनोट खेल राख्न नसकिएको उनको भनाइ छ ।

आउँदो शरद ऋतुमा पोखरामा हुने राष्ट्रिय खेलकूदका लागि बागलुङका नौ र कास्कीका तीन सुटिङ खेलाडी छानिएका छन् । दश मिटरको एयर पेस्तोलमा तीन महिला, तीन पुरुष र एयर राइफलमा पनि तीन पुरुष र तीन महिला छनोट गरिएको छ ।

जसमध्ये एयर राइफलमा पुरुषतर्फ बागलुङका सनम पुन, सन्दिप गाहा र कास्कीका ऋषिकेश शर्मा छन्। महिलामा बागलुङका करिश्मा बस्नेत, स्वस्तिका शर्मा र नीतिका गिरी छनोट भएका छन्। एयर पेस्तोलमा बागलङबाट केवी पुन, कास्कीका विजय कार्की र विनोद पुन छन्। यस्तै एयर पेस्तोलमा महिलातर्फ बागलुङकी सिरिया केसी, रेनु रिजाल र निष्ठा पौडेल छनोटमा परेका छन् । केसी यस अघिको राष्ट्रिय खेलकूदमा स्वर्ण पदक विजेतासमेत हुन् ।

केसी र पौडेलले साग खेलकूदमा पनि भाग लिइसकेका छन्। एयर पेस्तोलतर्फ छनोट भएका केवी पुनसँग पनि एशियन खेलकूदको अनुभव छ। "उचित प्रशिक्षण र वातावरण पाएमा हाम्रा खेलाडीले पनि सुटिङमा अन्तर्राष्ट्रिय पदक जित्न सक्छन्, खेल पूर्वाधार बनाउनेतिर सरकारले ध्यान देओस्"– प्रशिक्षक केसीले भने ।

## कक्षा १२ को परीक्षाफल समीक्षा

# सिकाइ प्रक्रियामैं सुधार्न सुझाव

काठमाडौं, २२ भदौ/रासस

माध्यमिक तहको परीक्षा कक्षा १२ को पछिल्लो परिणामबाट धेरै सङ्ख्यामा विद्यार्थी माथिल्लो कक्षा पढ्न योग्य हुन नसकेको सन्दर्भमा शिक्षाकर्मीले सिकाइ र परीक्षा पद्धतिमा परिमार्जन गर्न सुझाएका छन् ।




निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) द्वारा आयोजित माध्यमिक तहको परीक्षा र मूल्याङ्कन प्रणाली विषयका गोष्ठीका वक्ताहरूले परीक्षाभन्दा सिकाइ प्रक्रियामा सुधार ल्याउन माग गरेका छन् ।

सिकाइमा सुधारका लागि शिक्षक जिम्मेवार र सक्षम हुनुपर्ने भएकोले सरकारले शिक्षक सक्षमताका लागि कार्यक्रम दिन पनि उनीहरूको आग्रह छ। राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले कतिपय शिक्षकले पाठ्यक्रमको नीति र ग्रेड निर्धारणका आधार नै थाहा नपाएकाले विद्यार्थीलाई समस्या पर्न गएको बताउँदै बोर्डले शिक्षक अभिमुखीकरणका कार्यक्रम सञ्चालन गर्ने बताए । उनले आगामी वर्ष कक्षा १२ को परीक्षामा सबै प्रदेशका लागि समानस्तरका प्रश्न सोधिने र मूल्याङ्कनलाई पाठ्यक्रम र सोभन्दा बाहिर पनि लागू हुनेगरी कसरी पद्धति विकास गर्न सकिन्छ भन्नेबारे छलफल चलाउने बताए ।

उनले भने–"बोर्डले परीक्षाको प्रशासनिक काम मात्रै गर्ने भएकोले पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका सम्परीक्षण आदि काम विज्ञहरूबाटै हुनुपर्छ ।" शिक्षाविद् डा बालचन्द्र लुईंटेलले विद्यार्थीलाई परीक्षामा भन्दा सिकाइमा जोड दिन आग्रह गर्दै पाठ्यपुस्तकलाई साध्यका रूपमा नभई साधनका रूपमा लिनुपर्ने बताए ।

प्याब्सनका अध्यक्ष डिके ढुङ्गानाले परीक्षा प्रणालीमा सुधार र परिमार्जन आवश्यक महसूस गरी छलफल अघि बढाइएकोले विज्ञहरूका सुझावलाई सरकारले सुनुवाइ गर्नुपर्ने बताए। शिक्षा विश्लेषक ज्ञानेन्द्र वन र हरि मुस्यानले परीक्षा प्रणालीबारे प्रस्तुतीकरण गर्दै तल्ला तहमा उदार कक्षोन्नति र माथिल्लो कक्षाका परीक्षामा कस्ने पद्धति सही नभएको टिप्पणी गरे ।

बोर्डले अक्षराङ्कन पद्धति २०७८ अनुसार नतीजा प्रकाशित गर्दै आएको छ । यस वर्षको कक्षा १२ को नतीजा अनुसार चार जिपिए ल्याउने सङ्ख्या शून्य छ । नियमिततर्फ एक लाख ८८ हजार भार सय १० जना नन–ग्रेडिङमा परेकाले उनीहरू कक्षा ११ मा भर्ना हुन पाउँदैनन् । परीक्षामा नियमिततर्फ तीन लाख ६३ हजार एक, ग्रेड वृद्धितर्फ ३० हजार ४५ र आंशिकतर्फ तीन हजार एक सय ३२ जना गरी तीन लाख ९६ हजार एक सय ८५ विद्यार्थी सहभागी थिए ।

# निजामती दिवसमा प्रभातफेरि

प्रस, वीरगंज, २२ भदौ/

व्यावसायिक र सिर्जनशील प्रशासन,



तस्वीर: नितेश कर्ण

विकास, समृद्धि र सुशासन नाराका साथ बुधवार निजामती सेवा दिवस मनाइएको छ। वीरगंजमा जिल्ला प्रशासन कार्यालय, पर्साको आयोजनामा घण्टाघरबाट दिवसको अवसरमा प्रभातफेरि निकालिएको थियो ।

घण्टाघरबाट निकालिएको प्रभातफेरि नगर परिक्रमापछि जिल्ला प्रशासन कार्यालयमा पुगेर समापन भएको थियो। समापन कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले दिवसको अवसरमा सबै कर्मचारीहरूलाई शुभकामना व्यक्त गरे । उनले कानूनको परिधिमा रहेर जनसेवामा सक्रिय सहभागिता देखाउन निजामती कर्मचारीहरूलाई आग्रह गरे ।

# गौरबाट भित्रिएको कार वीरगंजबाट बरामद

प्रस, वीरगंज, २२ भदौ/

सशस्त्र प्रहरीले बेवारिसे अवस्थामा फेला पारेको भारतीय नम्बरको कार वीरगंज भन्सार चलान गरेको छ । मङ्गलवार दिउँसो २:३० बजे वीरगंज–१६ भन्सार रोडमा सशस्त्र प्रहरीको गश्ती टोलीलाई देखेर एमएएलए २५१ एएलएफएम ४२५९९० नम्बरको हुन्डाई कार छाडेर चालक भागेको र सशस्त्र प्रहरीले सो कार नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नम्बर १३ गण हेडक्वार्टर वीरगंजका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले बताए ।



तस्वीर: सौजन्य

उनले बरामद कार चेकजाँच गर्दा २०७९/१/२६ गतेदेखि २८ गतेसम्मको लागि तीन दिनको भन्सार प्रज्ञापनपत्र रौतहटबाट जारी भएर नेपाल प्रवेश गरेको र ११८ दिन अवैधरूपमा नेपालमा बसेको पाइएकोले आवश्यक कारबाईको लागि वीरगंज भन्सार कार्यालय बुझाएको जानकारी गराएका छन् ।

# छात्राहरूलाई साइकल वितरण

प्रस, परवानीपुर, २२ भदौ/

बाराको परवानीपुर गाउँपालिका–४ स्थित नेराप्रावि चैनपुरमा अध्ययनरत छात्राहरूलाई साइकल वितरण गरिएको छ ।


तस्वीर: सौजन्य

गापा कार्यालयको सहयोगमा अध्यक्ष रामक्षत्रीप्रसाद कुर्मीले कक्षा ८ मा अध्ययनरत १८ जना छात्रालाई साइकल हस्तान्तरण गरे ।

प्रअ मदनप्रसाद कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व वडाध्यक्ष हरिन्द्रप्रसाद पटेल, गापा सदस्य महन्थ राम, वडासदस्यहरू जगदीश साह कानू, राजदेव पटेल, एमालेका उमेश गुप्ता, शिक्षिका विमला खनाल, शिक्षक जहिर हुसेन, देवीलाल चौरसिया तथा अन्य व्यक्तिहरूको सहभागिता थियो ।

कार्यक्रमको सहजीकरण रोशन यादवले गरेका थिए ।


बारा–रौतहट जोड्ने धनसर पुलमा निजगढमा फलेको मालभोग केरा बिक्री गर्दै व्यवसायीहरू । पछिल्लो समयमा धनसर पुलमा मालभोग केराको बिक्री व्यापक बढेको छ । अहिले दर्जनको रु एक सयमा मालभोग केरा बिक्री भइरहेको छ । तस्वीर: नितेश कर्ण

# लोसपा अध्यक्ष ठाकुर सप्तरी–२ बाट सिफारिश

राजविराज, २२ भदौ/रासस

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका केन्द्रीय अध्यक्ष महन्त ठाकुरलाई सप्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फबाट सिफारिश गरिएको छ ।

जिल्ला समन्वय समिति, सप्तरीको सभाहलमा पार्टीको सम्पन्न क्षेत्रीय भेलाले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा चुनावका लागि उनको नाम सिफारिश गरेको पार्टीका केन्द्रीय नेता गजेन्द्र मण्डलले जानकारी दिए। प्रतिनिधिसभा प्रत्यक्षतर्फ लोसपाका केन्द्रीय नेता जयप्रकाश ठाकुरको नाम पनि सिफारिश भएको छ। प्रतिनिधिसभा समानुपातिकमा दुलारीदेवी खङ्ग, अमरकान्त झा, लीला गुप्ता, पवित्री देवी र हेम मिश्रको नाम सिफारिश गरिएको छ ।

प्रदेशसभा सदस्यका लागि क्षेत्र नम्बर २ (क) बाट प्रत्यक्षतर्फ विनोदकुमार सिंह र सरोज मण्डल तथा समानुपातिकतर्फ केशवकुमार झा, उषाकुमारी मण्डल, विनोदकुमार मण्डल, रिका मेहता, महेन्द्र खंग खत्वे, विनोदकुमार सिंह, लक्ष्मीप्रसाद मण्डल, भोलाप्रसाद मुखिया, विनादेवी राय र मालती सदाको नाम सिफारिश भएको छ ।

यस्तै प्रदेशसभा सदस्यका लागि क्षेत्र नम्बर २ (ख) बाट प्रत्यक्षतर्फ शैलेश चौधरी, शम्भुप्रसाद यादव र शरदसिंह यादव तथा समानुपातिकतर्फ पूनमकुमारी यादव, रेणुकुमारी मण्डल र उजला सरवरियाको नाम सिफारिश भएको पार्टीले जनाएको छ ।

# हात्तीले पाँच घर भत्कायो

जलेश्वर, २२ भदौ/रासस

जङ्गली हात्तीले महोत्तरीको बर्दिवास नगरपालिकाभित्र पाँच घर भत्काइदिएको छ । हात्तीले बर्दिवास–८ मा चार र वडा नं १० मा एक घर भत्काएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक कृष्णप्रसाद पँगेनीले जानकारी दिए ।

उनका अनुसार रातका समयमा जङ्गलबाट आएका हात्तीको झुन्डले जितबहादुर योञ्जन, सोमबहादुर तामाङ, बुद्धिमान सिग्देल र जयकिसुन महतोको घर भत्काएको थियो ।

अँध्यारोको बेला अचानक आएका हात्तीले एकाएक घर भत्काउन थालेपछि गाउँभरि होहल्ला भएको र घरधनीहरू घर छाडेर भागेका थिए । हात्तीको उपद्रोबाट घरभित्रका सबैथोक नष्ट भएको छ भने घर भत्किएर ती परिवारको बिजोग भएको छ। हात्तीको आक्रमणबाट मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

# धानखेतमा दुई किशोरीको शव फेला

जनकपुरधाम, २२ भदौ/रासस

धनुषाको नगराइन नगरपालिका–७ मा रहेको धान खेतमा दुईजना किशोरीको शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाको अनुसार नगराइन –७ का स्थानीय १८ वर्षीया पूजा महरा र भारतको मधुवनी जिल्ला हरलाखी घर भई नगराइन–७ मा बस्दै आएकी १९ वर्षीया आरतीकुमारी महराको शव फेला परेको हो ।

स्थानीयवासी खेतमा जाँदै गर्दा ती किशोरीलाई मृतावस्थामा देखेपछि उनीहरूले प्रहरीलाई खबर गरेका थिए। जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षत्रीले किशोरीद्वयको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याएको जानकारी दिएका छन् ।

# जग्गा विवादले राष्ट्रिय गौरवको हुलाकी राजमार्ग निर्माण प्रभावित

– राजु विश्वकर्मा
जनकपुरधाम, २२ भदौ/रासस

जग्गासम्बन्धी विवादका कारण राष्ट्रिय गौरवका आयोजनामध्येको निर्माणाधीन पूर्व–पश्चिम हुलाकी राजमार्ग अन्तर्गत धनुषाको कमला–जनकपुर खण्डको काम प्रभावित भएको छ। जग्गा विवादलाई लिएर स्थानीयले अदालतमा दिएको मुद्दालगायत कारणले धनुषाको औरही र तिनकौरिया बजारमा सडक निर्माणको काम प्रभावित भएको हो।

पूर्व कमलाबाट पश्चिम जनकपुरधामसम्मको कुल २७ किलोमिटर सडकमध्ये करीब २५ किलोमिटर सडक निर्माणको काम अन्तिम चरणमा पुग्न लाग्दा पनि बाँकी रहेको करीब दुई किलोमिटर सडकमा जग्गा विवादका कारण काम अघि बढाउन नसकिएको लामा रमण जेभीका इन्जिनीयर सुनील मुखियाले जानकारी दिए।

औरही बजारको इलाका प्रहरी कार्यालय अगाडिको जग्गा आफ्नो हो भन्दै स्थानीय रामबाबू साह सुडीले उच्च अदालत जनकपुरधाममा मुद्दा दिएको र सोही मुद्दामा अदालतले मुआब्जा दिएर मात्र सडक बनाउन आदेश दिएकोले समस्या भएको इन्जिनीयर मुखियाले बताए।

“अदालतले सुडीलाई जग्गाको मुआब्जा दिएर मात्र सडक बनाउन आदेश दिएको छ”–इन्जिनीयर मुखियाले भने–“जग्गाको मुआब्जा उहाँलाई मात्र दिए अरू ठाउँको जग्गाधनीले पनि मुआब्जा माग्छन् र विवाद हुन सक्छ।” समस्या समाधानका लागि पटक–पटक भएको प्रयास असफल भएकोले सडक निर्माणको काम प्रभावित भएको उनको भनाइ थियो।

जग्गा विवादले औरही बजारको करीब पाँच सय मिटर सडक निर्माणको काम अझ शुरू हुन नसकेको इन्जिनीयर मुखियाले बताए। यस्तै धनुषाको विदेह नगरपालिकाको तिकौरिया बजारमा जग्गा विवादलाई लिएर स्थानीयले अवरोध गरेपछि तिनकौरिया बजारदेखि करीब छ सय मिटर सडक निर्माणको कामसमेत प्रभावित भएको छ।

सडक निर्माणका लागि स्थानीयले जग्गा अधिग्रहण गर्न नदिने र सडक छेउमा कुलोबाटै सडक बनाउन दबाब दिंदै आएकाले सडक निर्माणमा समस्या भएको उनले बताए। सो क्षेत्रमा जग्गा अधिग्रहण गर्न स्थानीय तहले पनि चासो नदेखाउँदा समस्या समाधान हुन नसकेको तिनकौरियाका स्थानीय बजारवासीको कथन छ।

लामा रमण जेभी २०७८ चैत ३० गते स्तरोन्नतिको काम पूरा गर्नेगरी विसं २०७३ असार ३१ गते सम्झौता गरेको थियो। सो मितिमा निर्माण सम्पन्न हुन नसकेपछि पुनः म्याद थप गरिएको छ। थपिएको म्याद २०७९ चैत ३० गते सकिने छ। विसं २०७८ चैत मसान्तभित्र सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भए पनि सडक निर्माणका क्रममा विभिन्न स्थानका बासिन्दाले जग्गा विवादलाई लिएर अदालतमा मुद्दा हाल्ने र विवाद सिर्जना गर्ने कार्यले निर्माणको काम समयमा अघि बढाउन नसकिरहेको इन्जिनीयर मुखियाको भनाइ छ।

यसैबीच हुलाकी सडक अन्तर्गत सिरहाबाट सर्लाहीसम्मको करीब २३३ किलोमिटर सडक अन्तर्गत हालसम्म १५३ किलोमिटर सडकमा कालोपत्र सकिएको छ। बाँकी ८० किलोमिटर सडकमा पनि तीव्ररूपमा काम भइरहेको हुलाकी राजमार्ग आयोजना कार्यालयले जनाएको छ।

जनकपुरधाम, कदमचोकबाट कमला नदीसम्मको २६ किलोमिटर सडकमध्ये १८ किलोमिटर सडकमा कालोपत्र गरिएको र बाँकी आठ किलोमिटर पनि तीव्ररूपमा काम भइरहेको हुलाकी राजमार्ग आयोजना कार्यालयका प्रमुख कृष्णकुमार महतोले जानकारी दिए।

यस्तै सप्तरी र सिरहाको सीमा छुट्याउने बलान नदीबाट कमला नदीसम्मको सिरहा खण्डको ३० किलोमिटर सडकमध्ये २४ किलोमिटर कालोपत्र सकिएको र बाँकी छ किलोमिटर सडकमा पनि केही दिनभित्रै कालोपत्र सकिने प्रमुख महतोले बताए।

सो सडक निर्माणको ठेक्का लिएको स्वच्छन्द, रोशन, महादेव खिम्ती जेभी जनकपुर उपमहानगरपालिका–४ धनुषाले निर्धारित समयमैं काम सकिने गरी काम तीव्ररूपमा भइरहेको जनाएको छ। दुई लेनको उक्त सडक कालोपत्र गर्न रु एक अर्ब २० करोड २० लाखमा सम्झौता भएको ठेक्का कम्पनीका इन्जिनीयर चन्द्र यादवले बताए।

धनुषा र सिरहा खण्ड निर्माणको कामले गति लिए पनि सर्लाही खण्डमा भने भर्खरै मात्र काम शुरू भएको छ। सर्लाहीको शीतलपुर–मलङ्वा खरैया टोलसम्मको सडक निर्माण काम शुरूमा सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर रौतहटबाट हुँदै आए पनि काम अघि बढ्न नसकेको भन्दै हुलाकी राजमार्ग आयोजना कार्यालयलाई हस्तान्तरण गरिएको थियो।

करीब ४२ किलोमिटरको सो सडक हुलाकी राजमार्ग आयोजना कार्यालयमा हस्तान्तरण भएयता एक किलोमिटर सडकमा कालोपत्रको काम सम्पन्न भएको र अन्य खण्डमा माटो ग्राभेलको काम भइरहेको प्रमुख महतोले जानकारी दिए।

चालू आर्थिक वर्षभित्रै हुलाकी सडक निर्माण काम सम्पन्न गर्ने लक्ष्य लिए पनि राजमार्गभित्र परेका घर–टहरा हटाउन भएको ढिलाइ, ठाउँ–ठाउँमा जग्गासम्बन्धी विवाद र कोभिड–१९ महामारीलगायत कारणले हुलाकी राजमार्ग निर्माण कार्य केही पछि धकेलिएको उनको भनाइ छ।

यस्तै हुलाकी राजमार्ग अन्तर्गत सिरहा–सर्लाही सडकखण्डमा निर्माणाधीन नौवटा पुल निर्माणको काम अन्तिम चरणमा पुगेको हुलाकी राजमार्ग आयोजना कार्यालयले जनाएको छ।

मधेसकै लाइफ लाइनका रूपमा मानिएको हुलाकी सडकको निर्माणको काम तीव्ररूपमा अघि बढेपछि सो भेगका सर्वसाधारण खुशी भएका छन्। हुलाकी सडक निर्माण भएपछि मधेसको विकासले गति लिनुका साथै रोजगारका हजारौं अवसर सिर्जना हुने स्थानीयवासीको विश्वास छ।

हुलाकी सडक जीर्ण हुदाँ सर्वसाधारणले सास्ती बेहोर्दै आएका थिए। सडक निर्माण भएपछि सहजरूपमा सदरमुकामसम्म पुग्न सकिने स्थानीयको भनाइ छ। पूर्व–पश्चिम राजमार्गको समानान्तर सीमा हुँदै करीब २० देखि ३० किमी दक्षिणतर्फ फैलिएको हुलाकी राजमार्गलाई राणाकालीन समयदेखि नै चिठ्ठीपत्र ओसारपसार गर्ने हुलाकी हिंड्ने छोटो बाटो, जसलाई पद्म शम्शेरले आगाडि बढाएकाले पद्मरोड पनि भन्ने गरिन्छ।

# नेपाल रेडक्रस दिवसको अवसरमा निबन्ध प्रतियोगिता

प्रस, वीरगंज, २२ भदौ/

६० औं नेपाल रेडक्रस स्थापना दिवसको अवसरमा नेपाल रेडक्रस



सोसाइटी पर्सा जिल्ला शाखा अन्तर्गत अन्तर्विद्यालय निबन्ध प्रतियोगिता आयोजना गरिएको छ।

कोभिड–१९ सङ्क्रमण शीर्षकमा आधारित निबन्ध प्रतियोगितामा श्री त्रिभुवन हनुमान मा.वि., रामचरण साह पन्नालाल, त्रिजुद्ध मा.वि, नृसिंह मावि लगायत विद्यालयका विद्यार्थीहरूले भाग लिएका थिए।

नेपाल रेडक्रस सोसाइटी, पर्सा जिल्ला शाखाका सभापति वीरेन्द्रराज कँडेलको विशेष आतिथ्यमा शुरू भएको प्रतियोगिता रेडक्रसका विनोद गिरीको सभापतित्वमा सम्पन्न भएको रेडक्रस पर्साका राजन श्रीवास्तवले जानकारी गराए।

# शिक्षक महासङ्घद्वारा ठोरी गाउँपालिकालाई ज्ञापनपत्र

प्रस, ठोरी, २२ भदौ/

शिक्षकहरूको सरुवाको विषयलाई लिएर नेपाल शिक्षक महासङ्घ ठोरीले गाउँपलिकामा ज्ञापनपत्र बुझाएको छ।

नेपाल शिक्षक महासङ्घ ठोरीका पदाधिकारीहरू र सरुवा गरिएका अधिकांश शिक्षक गाउँपालिका पुगी



तस्वीर: प्रतीक

प्रमुख प्रशासकीय अधिकृत कृष्णलाल श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको नेपाल शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठले जानकारी दिए।

शिक्षक महासङ्घ ठोरीका अध्यक्ष अमृत श्रेष्ठ ,उपाध्यक्ष गोपीलाल श्रेष्ठ र सचिव दीपेन्द्र सापकोटाको संयुक्त हस्ताक्षर रहेको ज्ञापनपत्रमा ठोरी गाउँपालिकाले महासङ्घसँग समन्वय नगरी, मनोमानी ढङ्गले, पूर्वाग्रह राखेर मापदण्ड पूरा नगरी विवेक नपुर्‍याई गरिएको सरुवामा नेपाल शिक्षक महासङ्घको ध्यानाकर्षण भएकोले तत्काल सरुवा बदर गर्न माग गरिएको छ।

आजको मितिले ४ दिन भित्र शिक्षक सरुवा रद्द गरी साबिककै विद्यालयहरूमा पठनपाठन गराउने वातावरण निर्माण गर्न ज्ञापनपत्रमा गाउँपालिकालाई अनुरोध गरिएको छ। आफ्नो मागप्रति गाउँपालिका गम्भीर नभए थप आन्दोलनका कार्यक्रम गर्न महासङ्घ बाध्य हुनेसमेत ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

ज्ञापनपत्र बुझ्दै प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठले पहिले कुनै कर्मचारीको सरुवा नभएको तर सरुवा नियमित प्रक्रिया भएको बताउँदै शिक्षक सरुवाका कारण शिक्षकहरूलाई पर्न गएको असहजताप्रति आफ्नो ध्यानाकर्षण भएको र सम्बन्धित निकायसँग छलफल गरी छिट्टै निकास दिने बताएका महासङ्घका अध्यक्ष श्रेष्ठले जानकारी दिए।

यसैबीच ज्ञापनपत्र बुझाउनुपूर्व बसेको महासङ्घको बैठकले सरुवा गरिएका शिक्षकहरूलाई हाल कार्यरत विद्यालयमैं नियमित कामकाज गर्न दिन प्रधानाध्यापकहरूलाई अनुरोध गर्ने निर्णय गरेको छ र सबै विद्यालयका प्रधानाध्यापकहरूको ऐक्यबद्धता लिने समेत निर्णय गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए।

ठोरी गाउँपालिका, कार्यपालिकाको भदौ ४ गतेको निर्णय अनुसार सरुवा गरिएको भन्दै भदौ १९ गतेको मितिमा ठोरी गाउँपालिकामा कार्यरत झन्डै २० जना शिक्षक सरुवा गरेको थियो तर सरुवापत्र भने २१ गते मङ्गलवार सम्बन्धित विद्यालय र सम्बन्धित शिक्षकलाई बुझाइएको महासङ्घका सचिव दीपेन्द्र सापकोटाले बताए।

# विद्यार्थीहरूको निश्शुल्क दन्त परीक्षण

प्रस, वीरगंज, २२ भदौ/

द आइ केयर एन्ड रिफ्लेक्टिभ




तस्वीर: सौजन्य

सेन्टरको सहकार्यमा क्रियाशील युवा पत्रकार मञ्च नेपालले आयोजना गरेको निश्शुल्क दन्त शिविरमा १५० जना विद्यार्थीहरूको दाँत परीक्षण गरिएको छ। वीरगंज महानगरपालिका–३ छपकैयास्थित सूर्योदय माविमा अध्ययनरत बालबालिकाहरूको दन्त परीक्षण गरिएको मञ्चका उपाध्यक्ष आनन्द पटेलले बताए।

डा वन्दना ठाकुर, डा भावना झाले विद्यार्थीहरूको दन्त परीक्षण गरी नर्सरीदेखि कक्षा ३ सम्म अध्ययनरत १०४ जना विद्यार्थीलाई ब्र– मञ्जन पनि वितरण गरेको उनले बताए।

निश्शुल्क दन्त शिविर क्रियाशील पत्रकार मञ्चका अध्यक्ष प्रणय साहको अध्यक्षतामा भएको थियो भने उपेन्द्र बरई, सुनील ओझा, ओमप्रकाश वर्णवाल, अरविन्द पटेललगायतको सहभागिता थियो।

## फरक समाचार

# कम वजन भएका बच्चाहरूको लागि नयाँ प्रविधि

परिवारमा बच्चा जन्मिनु खुशीको अवसर हुन्छ। धेरैजसो देशमा अहिले पनि शिशु मृत्युदर निकै बढी छ। सही पोषण र उपचार नपाउँदा बच्चाको मृत्यु हुने



गर्छ। चिकित्सकका अनुसार बच्चा जन्मिनेबित्तिकै रुँदैन भने यो घातक हुन्छ। जुन बच्चाको वजन औसतभन्दा कम हुन्छ ती शिशु रुँदैनन्। नरोएपछि उनीहरूको फोक्सो सक्रिय हुँदैन जुन मृत्युको कारण बन्छ। तर चिकित्सकले यस्तो प्रविधि ल्याएका छन् जसमा बच्चालाई रुवाएर उसको फोक्सो सक्रिय गरिन्छ।

यस प्रविधिलाई पोजिटिभ एक्सपाइरेटरी प्रेसर भनिन्छ। यो प्रविधि नवजात बच्चाको लागि जीवनदायी साबित भएको छ। धेरैजसो देशमा गरिएको अनुसन्धान अनुसार यस प्रविधिबाट शिशु मृत्युदर ४० प्रतिशतसम्म कम गर्न सकिन्छ। वरिष्ठ बाल रोग विशेष डा पिके सिंघलका अनुसार जन्मको समय जुन बच्चाको वजन एक किलोभन्दा कम हुन्छ र तुरुन्तै रुँदैन भने यस्तो बच्चालाई सक्रिय मानिंदैन र उसको ज्यानलाई खतरा रहन्छ। यद्यपि यस्तो केवल १० प्रतिशत मामिलामा मात्र हुन्छ। तर यस स्थितिमा बच्चाको ज्यान बचाउन निकै जरूरी हुन्छ। बच्चालाई तुरुन्तै औषधि र हेरचाहको आवश्यकता पर्छ।

अनुसन्धानबाट निष्कर्ष विश्लेषणबाट यो पनि पत्ता लागेको छ कि पोजिटिभ एन्ड एक्सपाइरेटरी प्रेसर प्रविधि कम वजन र नरुने बच्चाको ज्यान जोगाउन निकै फाइदाजनक साबित भएको छ। यस विश्लेषणमा एसपिजिआई नियोटल विभागका पूर्व विशेषज्ञ डा आकाश पंडित सामेल थिए। उनले सन् २०२० सम्मको ४ हजार १४९ नवजात शिशुसँग सम्बन्धित १० वटा रिपोर्ट अध्ययन गरे। यस अनुसन्धानलाई अमेरिकजन जर्नल अफ पेरिनेटोलोजीमा प्रकाशित गरिएको छ।

डा आकाशका अनुसार पोजिटिभ एन्ड एक्सपाइरेटरी प्रेसर प्रविधि अक्सिजन सपोर्टसरह काम गर्छ। यस छोटो उपकरणको माध्यमबाट बच्चालाई आक्सिजन दिइन्छ। यसबाट शिशुको शरीरमा त्यही प्रतिक्रिया हुन्छ जुन बच्चा रोएपछि हुन्छ। सास राम्ररी आउनाले बच्चा सक्रिय हुन्छ। यो प्रविधि आधा किलोग्रामसम्मको शिशुमाथि प्रयोग गर्न सकिन्छ।

# पुराना मित्रले मानसिक स्वास्थ्य सबल बनाउँछ

बाल्यकालदेखि कलेजसम्म र त्यसपछि व्यावसायिक जीवनमा हाम्रा थुप्रै मित्रहरू हुन्छन्। मित्रहरूसँग हामी थुप्रै कुरा साझा गर्छौं। साथीहरू दुःख–सुख र गाह्रो परेको बेला काम लाग्छन्। हाम्रो जीवनमा साथीहरू निकै जरूरी हुन्छ। कसैका थुप्रै साथी हुन्छन् भने कसैले सीमित साथी बनाउँछन्। पुराना मित्रहरूमाथि



हामी धेरै भरोसा गर्छौं। आजको भागदौडले भरिपूर्ण जीवनमा मित्रहरूसँग भेटघाट निकै कम हुन्छ। तसर्थ पुराना मित्रहरूसँग भेटघाट गर्दा हाम्रो मानसिक स्वास्थ्यमाथि गहिरो असर पर्छ।

हालै गरिएको अध्ययन अनुसार पुराना साथीहरूसँग भेटघाट गर्दा हाम्रो मानसिक स्वास्थ्यमा निकै फाइदा पुग्छ। उनीहरूको एउटा फोन कल, इमेल, सन्देशले हाम्रो मानसिक स्वास्थ्यमाथि सकारात्मक असर पार्छ। कोरोना महामारीपछि पुराना मित्रहरूको महत्त्व झनै बढेको छ। कोरोनाको कारण अधिकांश व्यक्ति मानसिक स्वास्थ्यले ग्रसित भएका छन्। विशेषगरी बुजुर्गहरूमा यस्तो समस्या बढी देखिएको छ।

यो अध्ययन अमेरिकन साइकोलोजिकल एसोसिएशनले प्रकाशित गरेको हो। यसमा करीब छ हजार मान्छे सहभागी थिए। उनीहरूको तथ्याङ्क जम्मा गरेर शोधकर्ताहरूले निष्कर्ष निकालेका छन्–लामो समयदेखि पुराना मित्रहरूसँग सम्पर्क नभएकाले उनीहरूसँग कुराकानी गरेपछि निकै सुखद अनुभूति हुन्छ। यस्तो गर्नाले दुई व्यक्तिबीच भावनात्मक सम्बन्ध बढ्छ र मानसिक स्वास्थ्यमा सकारात्मक असर पर्छ। एन्जाइटी र डिप्रेशन पनि निकै कम हुन्छ। एक्लोपनको भावना स्वास्थ्यको लागि निकै खतरनाक मानिन्छ।

डब्लुएचओका अनुसार कोभिड महामारीको कारण संसारमा डिप्रेशन र एन्जाइटीको मामिलामा २५ प्रतिशत बढोत्तरी भएको छ। अहिलेसम्म गरिएको अनुसन्धान अनुसार ५० वर्षभन्दा माथि उमेरका मान्छेहरूले कोभिड महामारीको कारण मानसिक स्वास्थ्यको सामना गर्नुपरेको छ। उनीहरू सामाजिकरूपले टाढा भएका छन्, बुजुर्गहरूमा एक्लोपन बढेको छ। यस्तो समस्या कम गर्न पुराना मित्रहरूसँग भेट गर्ने, गेट–टुगेदर गर्दा मानसिक स्वास्थ्यमा निकै फाइदा पुग्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## सिचुआन भूकम्पमा ७४ जनाको मृत्यु, २६ बेपत्ता

छेन्दु, २२ भदौ/सिन्हवा

चीनको दक्षिणपश्चिम प्रान्त सिचुआनमा सोमवार गएको शक्तिशाली भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ७४ पुगेको स्थानीय सञ्चारमाध्यमले बुधवार जनाएको छ। मङ्गलवार राति ९ बजेसम्म समाचार अनुसार सो भूकम्पमा परेर अझै २६ जना बेपत्ता रहेका छन्।

मङ्गलवार बेलुका ९ बजेसम्म गान्जी प्रान्तमा ४० जनाको ज्यान गएको, १४ जना बेपत्ता र १७० जना घाइते भएका बताइएको छ। यान शहरमा मङ्गलवार अबेरसम्म ३४ जनाको मृत्यु भएको, १२ जना बेपत्ता र ८९ जना घाइते भएका शहरको आपतकालीन व्यवस्थापन ब्युरोले जनाएको छ। सिचुआन प्रान्तको प्रान्तीय राजधानी छेन्दुमा भूकम्पका कारण लाखौं मानिस प्रभावित भएका बताइएको छ। त्यस नजीकैको शहर चोङकिङमा पनि भूकम्पको धक्का महसूस भएको स्थानीय बासिन्दाले जानकारी गराएका छन्।

भूकम्पको केन्द्रबिन्दु सिचुआन प्रान्तको काङदिङ शहरबाट करीब ४३ किलोमिटर दक्षिणपूर्वमा रहेको चिनियाँ सरकारी सञ्चारमाध्यमहरूले जनाएका छन्।



भर्खरै गएको भूकम्पले क्षति पुऱ्याएको सिचुआन प्रान्तको शिमियान काउन्टीको वाङगाङपिङ–लुडिङ काउन्टी जोड्ने भग्न सडकको हवाई चित्र। फोटो : सिन्हवा

सो भूकम्प १० किलोमिटर गहिराइमा तथा ६.८ म्याग्निच्युडको रहेको पनि अमेरिकी भौगर्भिक सर्वेक्षण संस्था (युएसजिएस) ले जनाएको छ।

भूकम्पका कारण भौतिक संरचनामा पनि क्षति पुगेको छ। भूकम्पले भत्काएकोले यहाँबाट अर्को शहर जाने बाटो पनि अवरुद्ध भएको छ। त्यसैगरी मानिसको बसोवास रहेका कैयौं क्षेत्रमा दूरसञ्चारका लाइनहरू काटिएकाले सञ्चार सम्पर्क पनि विच्छेद हुन पुगेको छ। यसैबीच चिनियाँ राष्ट्रपति सी जिनपिङले सोमवार गएको भूकम्पबाट पीडित र प्रभावित हुनेहरूको उद्धार कार्य चुस्तरूपमा गर्न निर्देशन दिएका छन्। उनले राहत कार्यलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न र भूकम्प प्रभावितहरूको उद्धार गर्ने काममा कुनै कसर बाँकी नराख्न पनि निर्देशन दिएका छन्। रासस

## दक्षिण कोरिया, भारत र पाकिस्तानका कोरोना सङ्क्रमित

सोल, २२ भदौ/सिन्हवा

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले विश्वव्यापीरूपमा कोभिड–१९ सङ्क्रमण र कोभिडजन्य मृत्युदर घटेको बताए तापनि दक्षिण कोरियामा भने कोरोना सङ्क्रमण उल्लेख्यरूपमा घटेको छैन।

मङ्गलवार मध्यरातसम्म सार्वजनिक गरिएको विवरण अनुसार यस देशमा ८५,५४० जना नयाँ सङ्क्रमित थपिएका छन्। यद्यपि सोमवार मध्यरातसम्म सार्वजनिक गरिएको विवरण अनुसार देशमा ९९,८३७ नयाँ सङ्क्रमित थपिएका थिए। सोमवारको तुलनामा मङ्गलवार सङ्क्रमित घटेका छन्।

हाल दक्षिण कोरियामा कोभिड–१९ सङ्क्रमितको सङ्ख्या दुई करोड ३७ लाख ९१ हजार ९६१ पुगेको स्वास्थ्य अधिकारीले बुधवार जानकारी दिएका छन्।

मङ्गलवार कोरोना सङ्क्रमणको कारण ४६ जनाको मृत्यु भएसँगै कोरियामा कोभिड लागेर ज्यान गुमाउनेको सङ्ख्या २७ हजार दुई सय ४९ पुगेको छ। दक्षिण कोरियामा तत्काल यो महामारी साम्य हुने लक्षण देखिएको छैन।

यसैबीच भारतमा एकै दिन पाँच हजारभन्दा बढी मानिस कोरोना सङ्क्रमित भएका छन्। यहाँ २४ घण्टाको समयावधि अर्थात् मङ्गलवार मध्यरातिसम्म ५,३७९ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले बुधवार सार्वजनिक गरेको छ।

यससँगै भारतमा चार करोड ४४ लाख ७२ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन्। भारतमा एक दिन पहिले अर्थात् आइतवार प्रकाशित तथ्याङ्क अनुसार एक दिनमा ४,४१७ जनामा सङ्क्रमण देखापरेको थियो। दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ।

भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ५०,५९४ छ। नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त हुनेहरूको सङ्ख्या धेरै रहेकोले सक्रिय सङ्क्रमित घटेका छन्।

चौबीस घण्टाको समयावधि अर्थात् मङ्गलवार मध्यरात कोरोना सङ्क्रमणबाट भारतमा २७ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना शुरू भएदेखि हालसम्म पाँच लाख २८ हजार ५७ जनाको मृत्यु भएको छ।

भारतमा हिजो एक दिनमा सात हजार ९४ जना कोरोना मुक्त भएका छन्। यसैसँगै कुल चार करोड ३८ लाख ९३ हजार पाँच सय ९० जना कोरोनामुक्त भएका छन्।

भारतमा सन् २०२१ को जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म दुई अर्ब १४ करोड भन्दा बढी मात्रा खोप लगाइएको छ।

भारतमा कोरोना शुरू भएयता हालसम्म ८८ करोड ७० लाखभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको छ। यसैबीच भारतको छिमेकी देश पाकिस्तानमा मङ्गलवार थप १५८ जना कोरोना भाइरस सङ्क्रमित भएका छन्।

यसैसँगै पाकिस्तानमा १५ लाख ७० हजार ४६२ जना कोरोना सङ्क्रमित भएका छन्। पाकिस्तानमा मङ्गलवार कोरोना सङ्क्रमणको कारण १०५ जनाको मृत्यु भएको छ। कोरोना शुरू भएयता पाकिस्तानमा ३०,५९४ जनाले ज्यान गुमाएका छन्। रासस

## कारमा बस्दा सिट बेल्ट अनिवार्य लगाउनुपर्ने

नयाँ दिल्ली, २२ भदौ/सिन्हवा

भारत सरकारले सडक यातायातका क्रममा कार तथा सबै सवारी साधनहरूमा सिट बेल्ट लाउनु अनवार्य गरिएको जनाइएको छ। कारको अगाडि बस्ने सबैजनाले सिट बेल्ट लाउनु अनिवार्य भएको नियम यहाँको केन्द्रीय सरकारले जनाएको छ।

कार तथा बसमा यात्रा गरिरहेका व्यक्तिले सिट बेल्ट नलाएको पाइएमा उनीहरूलाई कडा कारबाई गरिने नियम पनि सरकारले ल्याएको जनाइएको छ। भारतीय केन्द्रीय सडक यातायात तथा राजमार्गमन्त्री नीतीन गडकरीले सो नियम कडाइका साथ लागू गरिने बताएका छन्।

उनले भनेका छन्– "यससम्बन्धी विस्तृत सूचना चाँडै प्रकाशन हुनेछ, यो नियम भारतभर लागू हुनेछ।

भारतका एकजना प्रसिद्ध उद्योगी व्यवसायी सिरस मिस्त्रीको मङ्गलवार कार दुर्घटनामा परेर निधन भएको थियो। भारतको मुम्बईमा उनको निधन भएको एक दिनपछि भारतको केन्द्रीय सरकारले यो नियम घोषणा गरेको हो। कार दुर्घटनाका क्रममा उनी आफ्नो कारको चालकसँगैको सिटमा बसेका थिए। तर उनले सिट बेल्ट भने बाँधेका थिएनन्।

उनको पछि बसेका अरूहरूले भने सिट बेल्ट बाँधेका थिए। यसका कारण उनीहरू सुरक्षित थिए।

केन्द्रीय मन्त्री गडकरीले कारसम्बन्धी यो नियम भारतका सबै खालका कारहरूका लागि लागू हुने जानकारी दिएका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – सफलता | वृष – राज्यलाभ |
| मिथुन – वादविवाद | कर्कट – व्यापारवृद्धि |
| सिंह – शत्रुपराजय | कन्या – सुसमाचार |
| तुला – भयचिन्ता | वृश्चिक – मित्रमिलन |
| धनु – अतिथिआगमन | मकर – सुयश |
| कुम्भ – व्यर्थभ्रमण | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### वीरगंज महानगरपालिकाको अत्यन्त जरूरी सूचना

वीरगंज महानगरपालिका कार्यालयको २०७९/०५/२० को निर्णय अनुसार वीरगंज शहरको मुख्य नालाको बहावमा असर पर्नेगरी निर्माण गरिएको अतिक्रमण हटाउने निर्णय भए अनुसार वीरगंज महानगरपालिकाबाट बिना स्वीकृति निर्माण गरिएका घरटहराहरू र अन्य प्रकारको निर्माण गरिएको सरंचनाहरू यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हटाई वीरगंजको मुख्य नालाको अवरोध हटाउने कार्यमा सहयोग गरिदिनुहुन सम्बन्धित सबै सरोकारवालाहरूलाई जानकारी गराइन्छ। बिना स्वीकृति निर्माण गरिएको संरचनाहरू नहटाइएको खण्डमा यस महानगरपालिकाबाट उपलब्ध हुने सबै सेवा सुविधाहरू गराउन नसकिने बेहोरा जानकारी गराउँदै नियम अनुसार आवश्यक कारबाई गरिनेछ र त्यसरी हुने कारबाईमा लागेको खर्च सम्बन्धित पक्षबाट नै असूल उपर गरिने बेहोरा सम्बन्धित सबै घरधनीहरूलाई जानकारी गराईन्छ।

**वीरगंज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, वीरगंज, पर्सा**



### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे


## प्रतिगमन परास्त गर्न गठबन्धन आवश्यक– यादव

प्रस, वीरगंज, २२ भदौ/

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सङ्घीयता र गणतन्त्रविरोधी प्रतिगमनकारी शक्तिलाई परास्त गर्नुपर्ने र यसका लागि गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताएका छन्।

वीरगंजको होटल भिस्वामा बुधवार आयोजित अगुवा कार्यकर्ता भेलामा बोल्दै अध्यक्ष यादवले निर्वाचनमा सङ्घीयता र गणतन्त्रका पक्षधर पराजित भएको खण्डमा प्रतिगमनकारी शक्तिले सङ्घीयता र लोकतन्त्र समाप्त पार्ने खतरा बढ्न सक्ने र मधेस फेरि गुलाम बन्ने खतरा रहेको बताए।

उनले सङ्घीयता र गणतन्त्रको जननी मधेसी दल रहेको दाबी गरे। मधेस विद्रोहको कारण सङ्घीयता र गणतन्त्र आएको उनको भनाइ छ।

अध्यक्ष यादवले गठबन्धनमा सिट




तस्वीरः प्रतीक

बाँडफाँडको छलफल भइरहेको र सम्मानजनक सिट नपाए एक्लै चुनावमा होमिने चेतावनी पनि दिए। उनले जसपाले हैसियत अनुसार सिट नपाए एक्लै चुनाव लड्ने र त्यसका लागि पनि तयार रहन कार्यकर्ताहरूलाई निर्देशन दिए।

जसपा पर्साका अध्यक्ष रामनरेश यादवको अध्यक्षतामा भएको कार्यक्रममा निलम्बित सांसद हरिनारायण रौनियार, देवेन्द्र मिश्र, बालकृष्ण यादव, मोहन चौधरी, करीमा बेगम, सलमा खातुन, सिंहासनसाह कलवारलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## निश्शुल्क स्वास्थ्य शिविर, २८७ जना लाभान्वित



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २२ भदौ/

समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, वीरगंज सामुदायिक आँखा अस्पताल, रुँगटा वेलफेयर सोसाइटी र प्रभु अस्पतालको संयुक्त आयोजनामा बुधवार निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।

वीरगंज–११ स्थित अस्थायी प्रहरी पोस्टमा निश्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको हो। वीरगंजका व्यवसायी सुशील खेतानको सम्झनामा गत दुई सातादेखि यो अभियान शुरू भएको हो। आजको निश्शुल्क घुम्ती शिविरमा २८७ जनाको स्वास्थ्य परीक्षण गरिएको र औषधि निश्शुल्क उपलब्ध गराइएको ग्रीन सिटी सामुदायिक केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए।

शिविरमा प्रहरी उपरीक्षक रमेशकुमार बस्नेत, प्रहरी नायब उपरीक्षकद्वय दीपक गिरी, निर्मल बुढाथोकी, वडाध्यक्ष सुशीलसाह कानू, वप्रका श्रीपुरका प्रनि डिल्लीराज सापकोटा, बिर्ताका प्रनि विशाल मल्ल, रुँगटा वेलफेयर सोसाइटीका सुरेश रुँगटा, वीरगंज सामुदायिक आँखा अस्पतालका महेशसिंह धामी, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्की, सामुदायिक सेवा केन्द्र, मुर्ली श्रीपुरका अध्यक्ष राम सर्राफ, उपाध्यक्ष रेखा घिमिरे, प्रभु अस्पतालका असलम अन्सारी, दिपेश ठाकुरलगायतको सहभागिता थियो।

## ६ करोडको लागतमा चाचान समूहको थ्रील फ्याक्ट्री शुरू

प्रस, परवानीपुर, २२ भदौ/

बालबालिका तथा युवाका लागि इन्टरटेनिङ जोनको रूपमा फन पार्क सञ्चालनमा आएको छ।

थ्रील फ्याक्ट्री नामले सञ्चालनमा आएको उक्त फन पार्कमा वीरगंजको चाचान समूहले लगानी गरेको छ। वीरगंज–पथलैया औद्योगिक करिडरको चैनपुर बारामा रहेको चाचान समूहको नारायणी रिफायनरी उद्योगभित्र ६ करोड रुपियाँको लागतमा उक्त फन पार्क सञ्चालनमा ल्याइएको फन पार्कका सञ्चालक निखिल चाचानले जानकारी दिए। आज एक समारोहबीच चाचान समूहका प्रबन्ध निर्देशक बाबूलाल चाचानले उद्घाटन गरे।



उद्घाटन समारोहमा फ्याक्ट्री अवलोकन गर्दै सहभागीहरू। तस्वीरः प्रतीक

बिहान ९ बजेदेखि राति ९ बजेसम्म सञ्चालनमा रहने फन पार्कमा टेमप्लिङ पार्क, रूफ कोर्स, जिप लाइन, जिप साइक्लिङ, ३६० डिग्री साइक्लिङ, बुल कार्टिङ, ह्युमेन जैरो, सुटिङ, क्रिकेट, जम्पिङलगायत १५ वटा गतिविधिका खेल सामग्रीको प्रबन्ध मिलाइएको छ।

रु १०० देखि ६ सय रुपियाँसम्मको गतिविधिको लागि शुल्क निर्धारण

(बाँकी अन्तिम पातामा)


कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा, मधेस प्रदेश, (नेपाल)

### सुरक्षित आप्रवासन कार्यक्रमका लागि आशयपत्र माग सम्बन्धी सूचना

दोस्रोपटक प्रकाशित मितिः २०७९।०५।२३ गते

नेपाल सरकार र स्वीट्जरल्यान्ड सरकारबीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्थानीय सरकारको नेतृत्वमा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत स्थानीय सरकार परियोजना समन्वय समिति बाराको मिति २०७९।०४।३१ गतेको निर्णायानुसार कलैया उपमहानगरपालिका र बारागढी गाउँपालिकामा आप्रवासी स्रोत केन्द्र सञ्चालन, मनोसमाजिक परामर्श सेवा, समुदायस्तरीय सचेतीकरण कार्यक्रम तथा वित्तीय साक्षारतासम्बन्धी कार्यक्रम आदि सञ्चालनका लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन मिति २०७९।०५।०७ गते प्रथमपटक प्रकाशित सूचना अनुसार सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ मा तोकिए बमोजिम न्यूनतम सङ्ख्यामा आशयपत्र पर्न नआएकोले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७० को उपनियम (८) अनुसार परामर्श सेवा उपलब्ध गराउन इच्छुक तथा योग्यता पुगेका संस्था/कम्पनी/फर्महरू बाट मिति २०७९।०६।०७ गते दिउँसो १२:०० बजेभित्र e–Gp System को माध्यमद्वारा आशयपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना दोस्रोपटक प्रकाशन गरिएको छ। आशयपत्रको प्रस्तावसम्बन्धी विस्तृत सूचना तथा ढाँचा यस कार्यालयको आधिकारिक वेबसाइट www.kalaiyamun.gov.np वा e–GP System को वेबसाइट www.bolpatra.gov.np.egp बाट हेर्न तथा डाउनलोड गर्न सकिने छ।

# मुख्यमन्त्रीद्वारा यातायात कार्यालयको लागि जग्गा अवलोकन

तस्वीरः प्रतीक



प्रस, वीरगंज, २२ भदौ/

मुख्यमन्त्री लालबाबूराउत गद्दीले यातायात व्यवस्था कार्यालय, वीरगंजको भवन निर्माणका लागि बुधवार वीरगंज–१५ भेडियाहीमा जग्गा अवलोकन गरेका छन् । नगरप्रमुख राजेशमान सिंह, वडाध्यक्ष रमेश यादवलगायतको सहभागितामा मुख्यमन्त्रीले सो स्थानमा यातायात व्यवस्था कार्यालय भवनको लागि जग्गा अवलोकन गरेका हुन् ।

भेडियाहीमा चार कट्ठा जग्गा सार्वजनिक ऐलानी रहेको र सोमा यातायात व्यवस्था कार्यालयको भवन बनाउन उपयुक्त हुने राय सल्लाह आएपछि मुख्यमन्त्रीले जग्गाको स्थलगत निरीक्षण गरेका हुन् । यातायात व्यवस्था कार्यालय सवारी र लाइसेन्स दुवै अहिले भाडामा छन् ।

## सरकार र आएइएबीच.....

देखि २३ सम्म जोर्डनमा आयोजना हुने कार्यक्रममा भाग लिन स्वीकृति दिएको छ ।

बैठकले कोरियाको रोजगारबाट फर्केका श्रमिक कामदारको स्थिर पुनःएकीकरणासम्बन्धी आयोजना सञ्चालनका लागि गणतन्त्र कोरियाबाट प्राप्त हुने ८० लाख अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

यसैगरी निजीकरण समितिको सदस्यमा राजेन्द्रकुमार केसी र कृष्णलाल महर्जनलाई मनोनयन गर्ने निर्णय गरिएको छ । बैठकले असोज १० देखि १४ गतेसम्म फिलिपिन्सको मनिलामा हुने एशियाली विकास बैंकको बोर्ड अफ गभर्नर्सको ५५औं वार्षिक बैठकमा भाग लिन अर्थमन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुने स्वीकृति दिने निर्णय गरेको मन्त्री कार्कीले जानकारी दिए ।

सरकारले नेपाल–भारत वाणिज्य सचिवस्तरीय अन्तर्सरकारी समिति सहसचिवस्तरीय अन्तर्सरकारी उपसमितिको बैठकका लागि वार्ता टोली गठन गर्ने निर्णय गरेको छ । यसैगरी बैठकले कात्तिक १४ देखि १८ गतेसम्म क्यानडाको मन्ट्रियलमा हुने कार्यक्रममा नेपाल सरकारको तर्फबाट भाग लिन उद्योग सचिवलाई स्वीकृति दिने निर्णय गरेको छ ।

बैठकले असोज २७ देखि कात्तिक २ गतेसम्म अमेरिकामा सञ्चालन हुने कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंह र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेललाई सहभागी हुन स्वीकाति दिने निर्णय गरेको छ ।

भारतीय विदेश सचिवको निमन्त्रणमा परराष्ट्र सचिव भरतराज पौड्यालको नेतृत्वको प्रतिनिधिमण्डललाई भदौ २८ देखि २९ गतेसम्म भारत भ्रमणमा जान स्वीकृति दिने सरकारको निर्णय छ । बैठकले मलेशियाको क्वालालम्पुरमा असोज ४ देखि ७ गतेसम्म हुने कार्यक्रममा विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइराला र ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबू महर्जनलाई सहभागिताका लागि स्वीकृति दिने निर्णय गरेको छ ।

## असोज १ देखि दशैंका....

साधनलाई घटस्थापनादेखि पूर्णिमासम्म नेपालभर लागू हुनेगरी रूट परमिट खुला गर्ने निर्णय भएको महासचिव गौतमले बताए ।

बैठकमा महानिर्देशक पाण्डेसहित काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायब महानिरीक्षक मीरा चौधरी, विभागका निर्देशकहरू राधाकृष्ण खतिवडा र ईश्वरीदत्त पनेरू, यातायात व्यवसायी महासङ्घका अध्यक्ष स्वाँर, वरिष्ठ उपाध्यक्ष सरोज सिटौलालगायत पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## ६ करोडको लागत....

गरिएको बताइएको छ ।

१० कठ्ठा जग्गामा निर्माण गरिएको उक्त फन पार्क वीरगंजमा ठूलो फन पार्कको रूपमा सञ्चालनमा आएको छ । वीरगंजका बालबालिका तथा युवाका लागि मनोरञ्जन तथा खेलकूद आवश्यक ठानी आधुनिक फन पार्क सञ्चालनमा ल्याइएको चाचान समूहले बताएको छ । यस अघि बालबालिका तथा युवाका लागि फन पार्क नहुँदा वीरगंज बाहिर गएर खेल्ने, कुद्ने तथा रमाइलो गर्दै आएका थिए ।


## धूमपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धूमपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायत दीर्घकालीन रोग लाग्न सक्दछ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धूमपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धूमपान त्याग्ने प्रण गरौं ।
- धूमपान गर्नेहरूको सङ्गतबाट टाढा रहौं ।
- धूमपानले तपाई र परिवार सबैलाई असर पुर्‍याउँछ ।

त्यसैले

**धूमपान नगरौं, स्वस्थ जीवन बाँचौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## फूल कन्ट्याक्ट कराँते प्रतियोगिताको जिल्ला छनोट प्रतियोगिता सम्पन्न

प्रस, वीरगंज, २२ भदौ/

नवौं राष्ट्रिय फूल कन्ट्याक्ट कराँते प्रतियोगिताको लागि पर्साको जिल्ला छनोट प्रतियोगिता बुधवार सम्पन्न भएको छ ।

जिल्ला खेलकूद विकास समिति पर्साको आयोजनामा परिषद्को कभर्ड हलमा आयोजित प्रतियोगितामा विभिन्न तौल समूहमा १२ जना खेलाडी छनोट भएका छन् ।



तस्वीरः प्रतीक

पुरुषतर्फ ४० किलो तौल समूहमा विशाल शाही जिल्ला प्रथम भएका छन् भने ४५ किलो तौल समूहमा गोविन्द गौतम चौहान, ५० किलो तौल समूहमा रञ्जीत कुमार, ५५ किलो तौल समूहमा सक्षम थापा, ६० किलो तौल समूहमा रामेश्वर पटेल, ६५ किलो समूहमा सुलभ माझी, खुला तोलतर्फ अनीश लुईंटेलले पर्सा जिल्ला प्रथम स्थान हासिल गरेका छन् ।

त्यसैगरी महिलातर्फ ४० किलो तौल समूहबाट निमिका चौरसिया, ४५ किलो तौल समूहबाट रोशना चौधरी, ५० किलो तौल समूहमा दीपिका पटेल प्रथम भएका छन् भने ५५ किलो तौल समूहमा अस्मिता घरेल र खुला तौल समूहमा निचिता आलेले प्रथम स्थान हासिल गरेका छन् ।

जिल्ला प्रथम हुनेहरूको प्रदेशस्तरमा भीडन्त हुने र प्रदेश प्रथम हुनेहरूले राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने जिल्ला छनोट प्रतियोगिता पर्साका संयोजक राजकुमार महतोले जानकारी गराए । प्रतियोगिताको मुख्य निर्णायक धनञ्जय मिश्रा साथै निर्णायकहरू रवि कुमार, नरेश पटेल, अशेशर पटेल, राजेश महतो, रवि पटेल, भिखारी साह र मुस्कान महतो थिए । प्रतियोगितामा विभिन्न तौल समूहका ६० जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

## महिला साफ च्याम्पियनसीप : भारतले पाकिस्तानलाई हरायो

काठमाडौं, २२ भदौ/रासस



राजधानीमा जारी छैटौं संस्करणको महिला साफ च्याम्पियनसीप फूटबल प्रतियोगित अन्तर्गत आज भएको पहिलो खेलमा साबिक विजेता भारतले पाकिस्तानलाई पराजित गर्दै प्रतियोगितामा सुखद शुरूआत गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशाला मैदानमा भएको खेलमा भारतले पाकिस्तानलाई ३–० गोल अन्तरले पराजित गर्दै विजयी भएको हो । पाकिस्तानको आत्मघाती गोलबाट भारतले पहिलो अग्रता लियो । खेलको २१औं मिनेटमा पाकिस्तानकी कप्तान मारिया खानले आफ्नै पोस्टमा आत्मघाती गोल गरेपछि भारतले पहिलो अग्रता लिएको हो ।

मारियाले गोल गरेको दुई मिनेट पनि बित्न नपाउँदै भारतले दोस्रो अग्रता लियो । खेलको २३औं मिनेटमा भारतीय खेलाडी ग्रेस डाङमीले गोल गर्दै भारतलाई दोस्रो अग्रता दिलाएकी हुन् । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा भारतकी सौम्या गुगुलोथले एक गोल थप्दै खेललाई ३–० को जित दिलाइन् ।

यस जितसँगै भारतले शीर्ष तीन अङ्क जोडेको छ । पाकिस्तानले भने प्रतियोगितमा हारबाट शुरूआत गर्‍यो । उक्त प्रतियोगिता अन्तर्गत आज हुने दोस्रो खेलमा माल्दिभ्स र बङ्गलादेश भिड्नेछन् । खेल साँझ साढे ५ बजेदेखि शुरू हुनेछ ।

### बङ्गलादेश विजयी

आज भएको दोस्रो खेलमा बङ्गलादेशले माल्दिभ्सलाई ३–० गोल अन्तरले पराजित गर्दै विजयी भएको हो । बङ्गलादेशको जितमा कप्तान सविना खातुनले दुई गोल गरिन् भने मसुरा प्रभिनले एक गोल गरिन् ।



खेलको ३२ औं मिनेटमा बङ्गलादेशकी कप्तान खातुनले गोल गर्दै सुरुआती अग्रता दिलाएकी थिइन् । यसैगरी खेलको ३४ औं मिनेटमा मसुराले थप एक गोल गर्दा बङ्गलादेशले २–० को अग्रता बनायो । त्यसपछि खेलको ४० औं मिनेटमा खातुनले व्यक्तिगत दोस्रो गोल गर्दै बङ्गलादेशलाई ३–० को सहज जित दिलाइन् ।

यस जितसँगै समूह ए मा रहेको बङ्गलादेशले शीर्ष तीन अङ्क जोडेको छ । त्यसैगरी यसै समूहको आजै भएको पहिलो खेलमा भारतले पाकिस्तानलाई ३–० गोल अन्तरले पराजित गरेको थियो । प्रतियोगितामा आयोजक नेपालसहित भारत, श्रीलङ्का भुटान, बङ्गलादेश, पाकिस्तान र माल्दिभ्सको सहभागिता रहेको छ । समूह चरणको खेलमा शीर्ष दुई स्थान हासिल गर्ने टोली सेमिफाइनलमा पुग्नेछन् ।

## क्रिकेट कप्तान लामिछानेमाथि नाबालिका करणीको आरोप

काठमाडौं, २२ भदौ/रासस



नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दीप लामिछानेमाथि नाबालिका करणी गरेको आरोप लागेको छ । एकजनाले आफ्नी १७ वर्षीया नाबालिका बहिनीलाई यही भदौ ६ गते जबर्जस्ती करणी गरेको आरोपसहित मङ्गलवार प्रहरीमा जाहेरी दिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिए ।

महानगरीय प्रहरी वृत्त गौशालामा परेको उक्त जाहेरीमा स्याङ्जा आरूचौर स्थायी घर भई हाल काठमाडौंको बूढानीलकण्ठ बस्ने लामिछानेले बालिकालाई यही ५ गते काठमाडौं र भक्तपुरका विभिन्न स्थानमा घुमाएको र सोही दिनको राति काठमाडौंको एक होटलमा ल्याएर जबर्जस्ती करणी गरेको आरोप छ ।

जाहेरीपछि बालिकाको विस्तृत स्वास्थ्य परीक्षण गराइएको प्रहरीले जनाएको छ । अनुसन्धानका विविध विधि र प्रविधि प्रयोग गरी जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त गौशालाबाट संयुक्तरूपमा खटेको प्रहरी टोलीले उक्त घटनामा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी परिसर काठमाडौंले सूचना जारी गरी जनाएको छ । लामिछाने अहिले लिग क्रिकेट खेलका सिलसिलामा विदेशमा छन् ।